*प्रमुख व्यवस्थापक*
**विद्यासागर रञ्जित**
फोन: ४२५ ८९५५

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ४२५ ३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७ ६९०८

*सह-व्यवस्थापक*
**ध्रुवरत्न स्थापित**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५ ९४६६**

*प्रधान सम्पादक*
**भिक्षु अश्वघोष महास्थविर**
**४२५९११० (संघाराम विहार, ढल्को)**

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५ ९४६६

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

| | |
|---|---|
| बुद्ध सम्वत् | २५५६ |
| नेपाल सम्वत् | ११३२ |
| इस्वी सम्वत् | २०१२ |
| बिक्रम सम्वत् | २०६९ |

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
## A Buddhist Monthly

**2nd AUGUST 2012**

| वर्ष- ३० | अङ्क- ४ | गुं पुन्हि | श्रावण २०६९ |
|---|---|---|---|





**विना विचारले कसैले न्याय गर्न खोज्छ भने त्यो न्यायाधीश होइन । जुन पण्डितले साँचो र झूठो दुवै को निर्णय गरी विचारपूर्वक पक्षपात नराखी न्याय गर्छ, उसलाई धर्म रक्षा गर्ने साँच्चिको न्यायाधीश भनिन्छ ।**

**धेरै बोल्ने गर्दैमा पण्डित बनिन्न, जो क्षमाशील, अवैरी तथा भयरहित छ, त्यसलाई पण्डित भनिन्छ ।**

**जुन व्यक्तिमा सत्य, धर्म, अहिंसा, संयम र दमनादि गुण छ, त्यस व्यक्तिलाई निर्मल भइसकेको धीर पुरुष तथा स्थविर भनिन्छ ।**

**प्राणी हिंसा गर्ने व्यक्तिलाई आर्य भनिन्दैन । सबै प्रकारका प्राणीको हिंसा नगर्ने व्यक्तिलाई मात्र आर्य भनिन्छ ।**

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# सत्पुरुष गुण धर्म

बुद्ध शिक्षानुसार जुन व्यक्तिले कृतज्ञ गुण सम्झन सक्छ, धैर्यवान् हुन्छ, कल्याणमित्र बन्न सक्छ, दुःख कष्ट भोगिरहेका व्यक्तिहरूलाई उपकार गर्ने बानी हुन्छ, यी असल गुणधर्मले युक्त व्यक्तिलाई सत्पुरुष अथवा असल मानिस भनी बुद्धादि उत्तम महापुरुषहरूले भन्ने गरेको पाइन्छ।

(१) **कृतज्ञ गुण** –

आफूलाई कसैले उपकार गरेको छ भने त्यो गुण हरेक क्षण सम्झन सक्नुलाई कृतज्ञ गुण सम्झेको भनिन्छ। भगवान बुद्धले बुद्धत्व प्राप्त भइसकेपछि एक हप्तासम्म आँखा बन्द गरेर बोधिवृक्षको कृतज्ञ गुण सम्झी पुजा गर्नुभएको थियो। भगवान् बुद्धले उक्त समयमा नबो लीकन मनमनले यसरी भाव व्यक्त गर्नुभएको थियो–

"तिम्रो (वोधिवृक्षको) छाँयामुनि बसेर मैले बोधि ज्ञान प्राप्त गर्न सफल भएँ। तिम्रो निस्वार्थ छाँयामुनि रहेर मैले वर्षाबाट बच्न सफल भएँ। सित्तल हावाको स्वास फेर्न पाएँ। त्यही प्रभावले चित्त शुद्ध गरेर आफूले आफै लाई चिन्न सफल भई बुद्धत्व प्राप्त गर्न सक्षम भएँ।"

भगवान बुद्ध भन्नुहुन्छ– **"केवला हेसा भिक्खवे सप्पुरिस भूमि यदिदं कतञ्ञु कतवेदिता"**

अर्थात्, हे भिक्षुहरू! सत्पुरुष भूमि भन्नुनै कृतज्ञता प्रकट गर्नु अर्थात् कृतज्ञ सम्झनु हो। असत्पुरुष गुण भने को पानीमा अक्षर कोर्नु जस्तै हुनेछ। पानीमा अक्षर को र्ने बेला हात निकाल्ने बित्तिकै अक्षर मेटिने हुन्छ। यसरी नै मूर्ख व्यक्तिलाई जति उपकार गरे पनि उसले उक्त कृतज्ञ गुण भुल्ने गर्छ।

यसरी नै भगवान् बुद्ध फेरि भन्नुहुन्छ – **"द्वे मे भिक्खवे पुग्गला दुल्लभा लोकस्मिं यो च पुब्बकारी, यो च कतञ्ञु कतवेदि"** – *अंगुत्तर निकाय*

अर्थात्– संसारमा दुई थरीका मानिसहरू दुर्लभ छन्, अरूलाई उपकार गर्ने र गरेको उपकार सम्झी प्रत्युपकार गर्ने व्यक्ति।

(२) **धैर्यवान्, पुरुषार्थ, वीर्यवान बन्ने गुण** –

धैर्यको अर्थ चित्त स्थीर हुनु हो। पुरुषार्थ भएको व्यक्तिमा काम गर्दा जति समस्या आए पनि सफलता प्राप्त गरिछोड्ने क्षमता हुन्छ। वीर्यवान् व्यक्तिले कार्यक्षत्रमा जति बाधा अड्चन आएपनि उत्साहहीन नभई अगाडि बढ्ने कार्य गर्छ। गतिशील हुने स्वभाव हुन्छ उसको। वीर्यवान् व्यक्ति अष्टलोक धर्म (लाभ, अलाभ, यश, अयश, सुख, दुःख, निन्दा र प्रशंसा) बाट विचलित हुँदैन।

(३) **कल्याण मित्रता गुण** –

कल्याण मित्रता गुणले सम्पन्न व्यक्तिले आफूसंग आश्रित व्यक्तिहरूलाई शुद्ध मनले सक्दो सहयोग गर्दछ। यस गुणले सम्पन्न व्यक्तिले आफ्ना हितैषी व्यक्तिले अज्ञानतावश खराव कार्य र कुरा गरेको खण्डमा उसलाई करुणा र मैत्रीपूर्वक सुझाव दिने, कुबाटोबाट उसलाई मुक्त गरी राम्रो असल बाटोमा लगाउने कार्य गर्छ।

एकपटक भिक्षु आनन्दले बुद्ध समक्ष यसरी मन्तव्य व्यक्त गर्नु भएको थियो– "भगवान् शास्ता! यो आधा बुद्ध शासन कल्याण मित्रताको आधारमा टिकिरहेको छ।"

भिक्षु आनन्दको कुरा सुनी भगवान् बुद्धले यसरी भन्नुभयो– "आनन्द! त्यसो नभन! सम्पूर्ण बुद्ध शासन कल्याणमित्रताको आधारमा टिकिरहेको छ।"

भिक्षु सारीपुत्रले आफ्नो पहिलो गुरु अस्सजिको कृतज्ञ गुण सम्झी दिनहुँ अस्सजि भन्ते जुन दिशामा रहनुहुन्छ उतैतर्फ फर्की वन्दना (नमस्कार) गरेर मात्र सुत्ने गर्नु हुन्थ्यो रे।

यसरी सत्पुरुष व्यक्तिहरूले कहिले पनि कृतज्ञ गुणलाई बिर्सने गर्नुहुन्न।

तर साधारण मानिसहरूमा यी गुण भेट्टाउन मुश्किल हुँदो रहेछ। त्यसैले भगवान् बुद्धले साधारण व्यक्तिहरूलाई भन्नुहुन्थ्यो– "माता मित्तं सके घरे"

अर्थात् – हाम्रो घरमा हाम्रा आमा नै कल्याण मित्र हुनुहुन्छ।

तर आजकल आमा जस्तो दुर्लभ गुणले सम्पन्न (चतुर्ब्रह्म विहार गुणकी धनी) व्यक्तिलाई समेत विर्सन सक्ने व्यक्तिहरू अनगिन्ति पाइन्छन्। यसरी नैतिक शिक्षाबाट टाढिँदै गएका पढेलेखेर पनि अशिक्षित बनेका मूर्ख व्यक्तिहरूका लागि भगवान् बुद्धको अमूल्य शिक्षा सत्पुरुष गुण धर्म विषयमा ज्ञान दिलाउन अत्यावश्यक भएको देखिन्छ। आशा गरौं बुद्ध शिक्षालाई धेरै भन्दा धेरै व्यक्तिले सिकी यसलाई समयमा नै बुझ्ने मौका प्राप्त गरी आफूलाई सत्पुरुष गुण धर्मलेयुक्त व्यक्ति बनाउन सफल होस्, धर्मकीर्तिको आशा र अभिलाषा यही रहेको छ।



Downloaded from http://www.dhamma.digital

# विपश्यना शिविर र आत्मदर्शन

सत्यनारायण गोयन्का
*अनुवादक- विश्व शाक्य*

जब क्रोध आउँछ, जब वासना जागृत हुन्छ, जब ईर्ष्या जागृत हुन्छ तब भित्र के हुन्छ ? त्यसलाई हेर्न, देख्नबाट वञ्चित हुन्छौं ।

हाम्रो लक्ष्य केवल चित्तको एकाग्रता होइन । केवल समाधि होइन– लक्ष्य हो सम्यक् समाधि जसको आधार न राग हुन्छ न द्वेष, न मोह । त्यसैले काल्पनिक रूपको ध्यान होइन । जहाँ कल्पना आयो कि मोहको पूर्वाधार भैहाल्यो । यहाँ कृत्रिम कुरा बनाएर त्यसलाई हेर्न थाल्यौं भने पनि मोहको पूर्वाधार तयार भैहाल्यो । हामीलाई नैसर्गिक श्वासको दर्शन गर्नु छ, जो छ, जस्तो छ त्यसैलाई हेर्नु छ । श्वासलाई हेर्दा हेर्दा श्वासको स्पर्शलाई देख्न थाल्यौं अनि अगाडि बढ्यौं त सारा शरीरमा हुने सम्वेदनालाई हेर्न थाल्यौं ।

सम्वेदनाहरूलाई हेरेर के पायौं ? वस्तुत: हामीले थाहापाउनुपर्ने कुरा यो छ कि हाम्रो जीवनमा कठिनाइहरू कसरी पैदा हुन्छन् ? हामीले यो थाहा पाउनु छ कि जीवन जगतको यस कठिनाइबाट कसरी निस्कन सकिन्छ ? जान्नु यो छ कि आफ्नै मनलाई मैला कसरी पार्छौं, कसरी गाँठो बाँध्न दिन्छौं । थाहापाउनु जरुरी छ कि मैला कसरी बन्न नदिने । गाँठो कसरी पर्न नदिने बल्की जो बाँधिएको छ त्यसलाई फुकाल्ने कसरी ? ती महापुरूषले गहिराइमा पुगेर यही कुरा देखेर र बार-बार संभाए कि बिषय-वासनामा डुबेको व्यक्ति बडा दु:खी रहन्छ ।

इन्द्रियहरू विषयले हामीलाई बन्धनमा पार्ने हुन्छ । ऐन्द्रिय विषय-वासनामा आसक्त व्यक्तिभला मुक्तिको मार्गमा कसरी लाग्न सक्ला र ? ऊ त अरू बढी भंभटमा फँस्दै जानेछ तर जहाँ परम सत्यतर्फ लाग्छौं, सूक्ष्म सत्यतर्फ लाग्छौं त्यहाँ एउटा कुरा बुझ्न सकिनेछ, थाहापाउन सकिने हुन्छ कि इन्द्रियादि विषयको सम्पर्कमा आएपछि विषयमा डुब्ने जुन कुरा हुन्छ त्यस आगावै एउटा घटना अरू घटित हुने हुन्छ । ती दुईका बीचमा अभै एउटा अर्को कडी छ । केवल विषयले मात्र केही हानि नोक्सानी पुऱ्याउँदैन, हानि पुऱ्याउँछ भने विकारले पुऱ्याउँछ । विषयले हाम्रो के लिन्छ र ? शब्द आफ्नै ठाउँमा छ, रूप आफ्नै ठाउँमा छ, गन्ध आफ्नै ठाउँमा छ, स्पर्श आफ्नै ठाउँमा छ, रस आफ्नै ठाउँमा छ र चिन्तन आफ्नै ठाउँमा छ । तिनीहरूको कारणले विकार जागृत हुँदैन । जब इन्द्रिय र विषयको सम्पर्कबाट उत्पन्न हुने सम्वेदनाप्रति मूल्याङ्कन हुन थाल्दछ तब त्यसमाथि राग उत्पन्न हुन थाल्छ, द्वेष उत्पन्न हुन थाल्छ, यस प्रकार विकार उत्पत्ति हुन्छ । यसरी वास्तवमै यो ठूलो खोजी हो । उहाँ महापुरूषले बडो ठूलो रहस्य खोलिदियो कि जसले सम्वेदनालाई जान्दछ त्यसैले थाहा पाउँछ कि राग कहाँ पैदा हुन्छ, द्वेष कहाँ पैदा हुन्छ ?

सम्वेदनालाई हेर्ने अभ्यासमा एउटा अर्को बुझ्नु आवश्यक छ । जब-जब इन्द्रियहरूको विषयहरूसँग स्पर्श हुन्छ, द्रुत गतिले मूल्याङ्कन भएर सम्वेदना हुन थाल्दछ र जुन समय स्पर्शजन्य सम्वेदना हुन्छ त्यस समय होश भएन भने हामी राग र द्वेष नै जगाउन थाल्नेछौं । यस्तै स्वभाव बनिसकेको छ । विषय कायम रहन्छ नै, विषयसँग इन्द्रियको सम्पर्क पनि हुन्छ नै तर तिनीहरूको कारण जुन विकार उत्पत्ति हुन्छ, त्यसलाई रोक्नुपर्ने हुन्छ । रोक त्यहीं लगाउनुपर्छ जहाँ सम्वेदना उत्पत्ति हुन्छ । हरेक सम्वेदनाप्रति रागविहीन हुनपर्छ, द्वेषविहीन हुनपर्दछ । "वेदना पच्चया तण्हा" हरेक वेदनासँग जुन तृष्णा उत्पति हुन्छ, रागको तृष्णा, द्वेषको तृष्णा-अब त्यसको ठाउँमा "वेदना पच्चया पञ्ञा" हरेक वेदनाप्रति प्रज्ञा उत्पत्ति हुनेछ, बोधि उत्पत्ति हुनेछ । यसबाट नयाँ गाँठो बाँधिने छैन । पुरानो खुल्न थाल्नेछ । सबै गाँठाहरू खुल्न अवश्य समय लाग्नेछ । सही बाटो भेटियो, सही विधि प्राप्त भयो । काम पनि शुरू भै हाल्यो ।

काम आफैले गर्नुपर्छ । गाँठो आफैले बाँधेका हौं । अत: आफैले खोल्नुपर्दछ । यो खोल्ने काममा प्रकृतिले ठूलो मद्दत गर्नेछ । ऋतुले खुब मद्दत गर्नेछ । आफ्नो भित्रको अहंभाव र अहङ्कारलाई निकालेर फाल्नुपर्दछ । यही नै 'अनात्म' हो । दार्शनिकहरूको विवादवाला आत्म-वाद वा अनात्म-वाद यो होइन । त्यसलाई एकतर्फ पन्छाइदिऊँ । जहाँ 'म' भन्ने रहन्न, 'मेरो' भन्ने रहन्न। अहङ्कारको नामो निशाना रहन्न, 'मम' भावको नामो-निशाना रहन्न । न हीन भावना रहन्छ न अहं भावना । मध्यम मार्गमा लाग्नु छ । आफसे-आफ बन्धन खुल्न थाल्नेछ ।

*क्रमश:*



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास-१७

✍ के.श्री धम्मानन्द
अनुवादक- प्रकाश बज्राचार्य

## बुद्ध र राजनीति

बुद्ध सबै सांसारिक राजनीतिभन्दा पनि माथी पुग्नु भयो ।

हुन त बुद्ध एक क्षत्रिय थियो र त्यसै पनि राजा, राजकुमार र मन्त्रीहरूको सम्पर्कमा आएको थियो, तैपनि कहिले पनि उहाँले राजनैतिक शक्तिको प्रभावद्वारा आफ्नो शिक्षालाई प्रचार गर्न खोज्नु भएन । राजनैतिक सत्ता हासिल गर्न उहाँले कहिलै पनि आफ्नो शिक्षालाई दुरूपयोग गर्न दिनु भएन । तर आज थुप्रै राजनीतिज्ञहरूले बुद्धको नामलाई आफ्नो राजनीतितिर तान्ने कोशिश गर्दैछन् र उहाँलाई एक साम्यवादी (कम्युनिष्ट वा पूंजिवादी, वा साम्राज्यवादी, आदि भन्दै प्रचार गर्ने प्रयत्न गर्दैछन् । बुद्धको महान नामलाई आफ्नै व्यक्तिगत लाभको लागि प्रयोग गर्न खोज्नेहरूले यो कुरो सम्झनु पर्दछ कि बुद्ध सांसारिक विषय वस्तु भन्दा पनि पर पुग्नु भएको सम्यक सम्बुद्ध हुनुहुन्छ । आफ्नो बाहेक अन्य कुनै पनि प्रकारका धर्म संसारमा रहन दिनु हुँदैन भन्ने विचार बुद्धले कहिलै पोख्नु भएन । न त उहाँको शिक्षालाई ध्यान नदिनेहरूप्रति कहिलै रिसाउनु नै भयो ।

कोही कोही यो जान्न चाहन्छन् कि बुद्ध धर्म र साम्यवादको बिच कुनै सम्बन्ध छ कि छैन ? यो कुरो सत्य हो कि धन सम्पत्ति धेरै हुनेहरूलाई बुद्धले गरीबहरूलाई दान दिन उस्काएको थियो । बुद्धको अनुसार त्यस्तो दान आफ्नो इच्छा अनुसार दिनु पर्दछ; बलजफ्ति दान दिन लगाउनु हुँदैन । आजभोलिका साम्यवादीहरूले 'हुने' हरूबाट छिनेर 'नहुने' हरूलाई दिन उग्र एवं हिसात्मक तरिका अपनाउँछ । यो दृष्टिकोणले बुद्ध धर्म र साम्यवाद अमिल्दो छ ।

जुनसुकै देशमा जस्तोसुकै सरकार रहेतापनि त्यहाँका प्रशासकहरू न्यायी र असल हुनु पर्ने कुरो लाई बुद्धले बुझ्नु भएको थियो । उहाँलाई थाहा थियो कि उच्च सरकारी कर्मचारीहरू भ्रष्टाचारी र अन्यायी भएमा सारा देश नै भ्रष्टाचारी, पिछडिएको र दु:खी हुनेछ । एकपल्ट बुद्धले भन्नु भयो, "जब राष्ट्रको शासक न्यायी र असल हुन्छ, तब मन्त्रीहरू पनि न्यायी र असल हुनेछन्; जब मन्त्रीहरू न्यायी र असल हुन्छन्, तब उच्चाधिकारीहरू न्यायी र असल हुने छन्; जब उच्चाधिकारीहरू न्यायी र असल हुन्छन्, तब सैनिकहरू न्यायी र असल हुनेछन्; जब सैनिकहरू न्यायी र असल हुन्छन्, तब जनता न्यायी र असल हुनेछ ।"

*क्रमश:*

# हाँसो सर्वश्रेष्ठ उपचार हो

✍ मीना तुलाधर
*बुढानीलकण्ठ*

मलाई Breast Cancer भएको थियो । मलाई आफ्नो मनमा पूर्ण आस्था र विश्वास थियो कि म ठीक हुन्छु । म हरेक दिन भन्ने गर्थें "मेरो उपचारको लागि धन्यवाद" । म लगातार भन्ने गर्थें मेरो उपचारको लागि परिवार र डाक्टरलाई धन्यवाद । मैले विश्वास गरेंकी म ठीक भइसकें । मैले आफैंलाई त्यस रुपमा देखें जसरी मरो शरीरमा अर्बुद रोग नै थिएन । रोग निको भयो भनेर मैले आत्म विश्वास Well Power नबढाएको भए म ठीक हुने थिएन हुँला ? मलाई Breast Cancer भएछ भनेर मनमा पीर लिएर बसेको भए म ठीक हुने थिएन होला । मानिसमा पीर तनाव आयो भने Cancer का स्नायुहरू बढ्ने सम्भावना हुन्छ । त्यसैले रोगले मुक्त साथीहरूसंग कुराकानी गरेर आफ्नो मन आनन्द पार्थें ।


मैले आफ्नो उपचारको लागि अर्को एउटा साधन उपयोग गरें । मैले एकदम रमाइलो फिल्म हेर्ने गरें । म केवल हाँस्थें, हाँस्दै र दिल खोलेर हाँस्थें । बिहान "योग" गर्दा पनि दिल खोलेर ठूलो स्वरले हाँस्दथें । तनाव लिने तब प्रश्न नै उठदैनथ्यो कि नकि हामी उपचार गरेको बेलामा तनाव एकदम नराम्रो कुरा हो भनि डाक्टरहरूको भनाई छ । हाँस्दै हाँस्दै गयो भने हाम्रो शरीरको रोग निस्कन्छ । र सम्पूर्ण नकारात्मक सोच बाहिर निस्कन्छ । त्यसैले हाँस्नु साच्चिकै सर्वश्रेष्ठ चिकित्सा हो । यसो भन्दैमा Cancer रोग निको पार्नको लागि पहिला शल्यक्रिया दोस्रो किमोथेरापी र तेस्रो रेडियोथेरापीबाट मात्र रोगका किराहरू निर्मूल हुन्छ ।

यो रोग निको भएपनि ६/६ महिनामा रगत, छातीको एक्स्रे, अल्ट्रासाउण्ड जाँच गर्नु अनिवार्य छ । वर्षको एकपटक मेमोग्राम जाँच गर्नुपर्छ । रोग लागेको दुईवर्षसम्म ३/३ महिनामा डाक्टर कहाँ जँचाउनुपर्छ । ३ वर्षपुगेपछि ६/६ महिनामा डाक्टर कहाँ जँचाउनु अति आवश्यक छ । यो रोग लागेपछि बोसो भएको मासु, भान्टा, च्याउ, काँक्रो, रक्सी, जाँड खानु हुँदैन ।

Cancer रोगबाट बच्ने उपाय नै चुरोट, सुर्ती, धुँवा, तनाव इत्यादिबाट टाढा रहनु हो । ❖



Downloaded from http://www.dhamma.digital



# लुम्बिनी भ्रमण वर्ष र पर्यटन

✍ **रत्न प्रजापति**

भगवान् गौतम बुद्धको जन्मस्थल लुम्बिनीको अन्तर्राष्ट्रिय क्षेत्रमा विशिष्ट पहिचान रहिआएको छ । एसियाको ताराका रुपमा सारा विश्वमा प्रख्यात शान्तिका अग्रदूत भगवान् गौतम बुद्धको जन्म नेपालको लुम्बिनीमा हुनु नै नेपाल र नेपालीको सौभाग्य पनि हो ।

लुम्बिनीको धार्मिक तथा ऐतिहासिक महत्वलाई दृष्टिगत गरी समग्र लुम्बिनी क्षेत्रको पर्यटकीय प्रवर्द्धन गर्ने उद्देश्यले २०१२ लाई "लुम्बिनी भ्रमण वर्ष" घोषणा गरिएको छ। यद्यपि विना कुनै पूर्वतयारी हतारमा लुम्बिनी भ्रमण वर्षको घोषणा गरिएको भन्दै केही व्यवसायी तथा सरोकारवाला निकायले लुम्बिनी भ्रमण वर्ष सफल हुने कुरामा आशङ्का व्यक्त गर्दै आइरहेका पनि छन्। लुम्बिनीका पर्यटन व्यवसायी, बौद्ध संघसंस्थालगायत अन्य सरोकार वालाहरूसँग कुनै परामर्श नगरी घोष्णा गरिएको भन्दै माओवादी नेतृत्वको लुम्बिनी विकास कोष र संस्कृति मन्त्रीले सस्तो लोकप्रियताका लागि लुम्बिनी भ्रमण वर्ष घोषणा गरेका हुन् भन्नेहरूको पनि कमी छैन । जसले जुन स्वार्थका लागि घोषणा गरेको भए पनि अब यो लुम्बिनी भ्रमण वर्ष नेपालको राष्ट्रिय प्रतिष्ठाको विषय बनिसकेको छ । त्यसैले अब यो लुम्बिनी भ्रमण वर्षलाई सफल बनाउनु सबैको साझा दायित्व हो ।

सबैभन्दा महत्वपूर्ण पक्ष त यो हो कि विश्वसम्पदा सूचीमा सूचीकृत लुम्बिनीको विकास तथा बुद्धको जन्मस्थल लुम्बिनी नेपालमै पर्छ भनेर अन्तर्राष्ट्रिय जगतलाई अझ प्रभावकारी रुपमा सुसूचित गर्ने सुवर्ण अवसर पनि हो यो लुम्बिनी भ्रमण वर्ष । त्यसैले यो अवसरको भरपूर उपयोग गर्न र लुम्बिनी क्षेत्रमा पर्यटक आगमन बढाई समग्र लुम्बिनी क्षेत्रको विकासमा टेवा पुऱ्याउन सबैले साझा प्रयास गर्नु वाञ्छनीय हुनेछ । यसका लागि नेपालका सबै राजनीतिक पार्टी र तिनका भातृसङ्गठनहरूले भ्रमण वर्ष अवधिभर बन्द, हड्ताल चक्काजाम गरेर लुम्बिनी भ्रमणका लागि आउने पर्यटकहरूलाई तर्साउने काम गर्ने छैनौं भनेर पुनः एक पटक प्रतिबद्धता जाहेर गर्नुपर्ने र सो प्रतिबद्धतालाई पूर्ण रूपमा कार्यान्वयन गर्नुपर्ने भएको छ ।

लुम्बिनी भ्रमण वर्षमा १० लाख स्वदेशी तथा विदेशी पर्यटकलाई लुम्बिनी क्षेत्रमा आकर्षित गर्ने लक्ष्य रहेको छ । यसो त गएको वर्ष सन् २०११ मा पनि पाँचलाख ८७ हजार ५३८ स्वदेशी तथा विदेशी पर्यटकले लुम्बिनीको भ्रमण गरेका छन्। त्यसमध्ये एकलाख २८ हजार २५९ तेस्रो मुलुकका, ६३ हजार ७०९ भारतीर तीन लाख ९५ हजार ५७० नेपाली पर्यटक रहेको लुम्बिनी विकास कोषको तथ्याङ्कबाट देखिएको छ । विगतका वर्षहरूमा भन्दा पछिल्ला वर्षहरूमा लुम्बिनी भ्रमण गर्ने पर्यटकहरूको संख्या बढ्दो क्रममा देखिएकाले पनि लुम्बिनी भ्रमण वर्षको विशेष अवसरमा उल्लेख्य विदेशी पर्यटकको आगमन हुने अपेक्षा गर्न सकिन्छ ।

नेपालका भ्रमण वर्ष २०११ का क्रममा बीबीसी तथा सीएनएनजस्ता विश्वप्रख्यात सञ्चारमाध्यमबाट नेपालमा पर्यटन प्रवर्द्धनका लागि प्रचारप्रसार सुरु भएको र अमेरिकाजस्तो पर्यटकको प्रमुख स्रोत मानिएको देशले भ्रमणका लागि नेपाल सुरक्षित रहेको भनी आफ्ना नागरिकलाई सूचना जारी गरेकाले पनि लुम्बिनी भ्रमण वर्षमा लक्ष्य अनुसार विदेशी पर्यटक आउनेमा निश्चित हुन सकिने आधार देखिन्छ ।

मुस्लिम समुदायको पवित्र धार्मिक स्थल मक्कामदिनाजस्तै शान्तिका अग्रदूत भगवान् गौतम बुद्धको जन्मथलो लुम्बिनीलाई नि विश्वका सबै बौद्ध धर्मावलम्बीले जीवनमा एक पटक पुग्नैपर्ने पवित्र धार्मिक थलोको रुपमा विकास गर्न सकियो भने त्यहाँ पर्यटकहरूको ओइरो लाग्नसक्छ। यसका लागि नेपालले विश्वभरिका बौद्ध धर्मावलम्बी मुलुक तथा बौद्ध धर्मावलम्बी संघसंस्थाहरूसँग समन्वय र सहकार्य गरी भ्रमणका लागि आवश्यक व्यवस्थित प्याकेज कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिन्छ । *क्रमशः*



Downloaded from http://www.dhamma.digital

# मन्टेश्वरी देखि नै बुद्ध शिक्षा

✍ शुभरत्न शाक्य

ज्ञान भूमि, शान्ति भूमि तराई, पहाड र हिमालका समस्त नेपालीहरू बुद्धका दाजुभाई, दिदी बहिनी हुन् । राष्ट्रियताको नाताले सबैमा आपसी सम्बन्ध रहेको छ । त्यसो भएतापनि कर्मको बन्धनले गर्दा कतिपय नेपालीहरू बुद्धलाई त चिन्छन् तर उनको दर्शनलाई आफ्नो जीवन दर्शनको रुपमा अङ्गाल्न असमर्थ हुन्छन्। वास्तवमा दर्शन भनेकै जीवन जिउने कला हो। यो दर्शन बुद्ध भन्दा पहिले पनि थियो र पछि पनि हुनेछ। बुद्धले हराएको बाटो पत्ता लगाउनु भएको मात्र हो। संसारमा दुःख छ, दुःखको कारण छ, दुःखबाट मुक्त हुन सकिन्छ, मूक्त हुने बाटो छ ।

दुःख कसलाई मन पर्छ र ? मन नपरे पनि दुःख कसलाई छैन र ? दुःखबाट मुक्त हुने चाहना कसलाई छैन र ? जन्मनु दुःख, बृद्ध हुनु दुःख, रोगी हुनु दुःख, मर्नु पर्ने दुःख, प्रियजनको वियोग दुःख, अप्रिय जनसँगको सङ्गम दुःख, इच्छा पुरा नभएको दुःख पञ्चस्कन्ध शरीरको दुःख यी यावत दुःखबाट सम्पूर्ण रुपमा मुक्त हुने उपाय बुद्धले पत्ता लगाउनु भएको छ । यस्तो महान् शिक्षालाई मेन्टेश्वरी देखिनै वालवालिकाहरूलाई बुद्धको पञ्चशील शिक्षा, प्राणी हिंसा नगर्नु, चोरी नगर्नु, व्यभिचार नगर्नु, झूठो कुरा नगर्नु, जाँडरक्सी लागुपदार्थ सेवन नगर्नु, दान दिनु, ध्यान भावना अभ्यास गर्नु यी यस्ता शिक्षाहरू सिकाउन सके पछि सम्म पनि सुरक्षित भई जीवनयापन गर्न सकिने अमूल्य ज्ञान प्राप्त हुनेछ । त्यसैले हामीले हाम्रा बालबालीकाहरूलाई खेल मैदान, टि.भी हेरेर बचेको समय बुद्ध शिक्षाको वाष्पिकरण ती बालबच्चाको मन र मस्तिष्कसम्म पुऱ्याइदिन सकियो भने सम्भवतः तिनीहरू असल नागरिक बन्नेछन् । आमाबुबाको सेवा गर्नेछन् । मैत्री, करुणा, मुदिता र उपेक्षा स्वभाव भएकाहरू बन्नेछन् ।

यस्तै यस्तै विचारहरू मनमा खेलीरहेकोले हालसालै एउटा मोन्टेसोरीमा सम्पर्क राखेर हप्तामा एकदिन बुद्ध धर्म सिकाउने प्रस्ताव राखें। उनीहरूले पनि एकदमै खुसीसाथ सहमति जनाए । त्यसपछि आफ्ना सम्पर्कमा भएका श्रद्धेय भन्तेहरूसँग कसरी पढाएमा राम्रो हुन्छ भन्ने बारेमा सल्लाह मागें । उहाँहरूले सानै बच्चाहरूलाई चित्रहरू धेरै भएको किताबबाट यो असल काम यो खराब काम हो भनेर चिनाउने, विहार, चिवर भन्ने, गुरुमाँ चिनाउने, बौद्ध झण्डा रङ्गाउन लगाउने अनि महोसध पण्डित सानो बेलाको जातक कथाहरू सुनाउने । बच्चाहरूलाई पढाउँदा अलि रमाइलो पाराले पढाउनुपर्छ भन्ने सल्लाह दिनुभयो ।

सबभन्दा अचम्मको कुरा त त्यस मोन्टेसोरीका एक जना बच्चालाई मैले सिकाउनु अगावै नै ध्यान भावना गर्न आउँथ्यो । ल हेर्नुस् ! त आजका हाम्रा स-साना नानीहरू कति Advance छन् । हिसाब, विज्ञान, अंग्रेजी नेपाली विषयहरू जस्तै जीवनलाई सुखपूर्वक र शान्तिमय ढङ्गले जिउन बुद्ध शिक्षाको पनि ठूलो महत्व छ। सम्पूर्ण परियत्ति पढ्ने विद्यार्थीहरूलाई पनि अनुरोध छ। आफूले पढेको परियत्ति शिक्षा अरूलाई सिकाउनमा अप्ठयारो नमानौं । यो परियत्ति शिक्षा पढेर मलाई काम पाउँदैन भन्ने मनस्थितिलाई त्यागौं ।

शान्तिप्रिय नागरिक बन्नका लागि परियत्ति शिक्षा नपढी सम्भव छैन । त्यसैले समस्त अभिभावक, शिक्षकवर्ग, परियत्ति विद्यार्थीहरूलाई आ-आफ्नो स्तरबाट परियत्ति शिक्षालाई के-कस्तो योगदान पुऱ्याउन सकिन्छ भन्ने कुरामा विचार गर्नका लागि हार्दिक अनुरोध गर्दछु । ❖

## भिंतुना !

✍ प्रेमलक्ष्मी तुलाधर

बुद्ध वचनयात थुइका
ज्ञानयात लुइका
झी न्ह्यावने नु
थथे लुइकागु ज्ञानया माः क्वखायाः
झी सकल मुनाः यच्चुगु नुगलं
श्रद्धाया स्वां ह्वय्काः
झी यःम्ह धम्मवती गुरुमांया
भिं बुदिंया लसताय्



भिं उसाँय् ताः आयुया
आशिका यासे
ज्ञानमाला भजन हाहाँ
भिन्तुना देछाय्नु !

**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना**

| मिति | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|
| २०६९ असार १३ गते | वीर्यवती | वीर्यवती |
| २०६९ असार २७ गते | मणिवती | दानवती |
| २०६९ श्रावण ०१ गते | रमावती | पञ्ञावती |
| २०६९ श्रावण ०४ गते | केशावती | केशावती |



Downloaded from http://www.dhamma.digital

# व्यवहारिक जीवनमा पञ्चशीलको महत्व

पञ्चशील भनेको पाँचवटा शील हो जुन हामीले दिनहुँ पालना गर्नुपर्छ । आजको युगमा पञ्चशील पालना गर्नु धेरै आवश्यक छ । पञ्च भने को पाँच र शील भनेको नियम हो । पञ्चशील पालना गर्नु हाम्रो उत्तरदायित्व पनि हो । पञ्चशील यी हुन्–

१) **पाणातिपाता वेरमणी सिक्खापद समादियामि** (संसारका कुनै पनि जीवको हत्या नगर्नु)

२) **अदिन्नादाना वेरमणी सिक्खापद समादियामि** (अरुको धनमाल चोरी नगर्नु)

३) **मुसावादा वेरमणी सिक्खापदं समादियामि** (झूठ कुरा नबोल्नु)

४) **कामेसु मिच्छाचारा वेरमणी सिक्खापदं समादियामि** (व्यभिचार नगर्नु)

५) **सुरामेरय मज्जपमादट्ठाना वेरमणी सिक्खापद समादियामि** (लागू पदार्थ सेवन नगर्नु)

**यी पाँच प्रकारका नियम पालना नगर्दा के के हुन्छ ?**

*पञ्चशील पालन नगर्दाको विपाक यी हुन् –*

१) प्राणी हिंसा गर्दाको विपाक – देख्नेले रिसले देख्नेछ ।

२) चोरी गर्दाको विपाक – मानिस भएर जन्मँदा दरिद्र हुनुपर्नेछ । कमाएको धन स्थिर हुँदैन ।

३) झूठ कुरा गर्दाको विपाक – कसैले पनि हाम्रो कुरा पत्याउने छैन । परजनहरूद्वारा मनपराइने छैन ।

४) व्यभिचार गर्दाको विपाक – धेरै मानिसहरूको अप्रिय हुनेछ । सुखपूर्वक सुत्न पाइनेछैन । सुखपूर्वक उठ्ने पाइनेछैन ।

५) लागू पदार्थ सेवन गर्दाको विपाक – असत्य कुरा गर्नेछ । आफूले गरेको काम परजनहरूद्वारा मनपराइनेछैन । बुद्धि नभएको, मूर्खहरूको संगत हुनेछ ।

त्यसैले भगवान बुद्धले राहुलोवाद शुत्रमा राहुललाई दिनुभएको उपदेश निम्न छ– “झूठ बोल्नेले परलोकको विश्वास नगर्नेले र सत्यलाई त्यागने ले यस संसारमा नगर्ने पाप केही छैन तथा यो पञ्चशीलको विषयमा अध्ययन गर्दै जाँदा संसारमा भएका महान व्यक्तिहरूको पनि नाम परिचित हुन्छन् । महात्मा गान्धी, जर्ज वासिङ्गटन, लियो टल्सटाय आदि अध्ययन गर्न सक्छौं ।

यस प्रसङ्गमा म जर्ज वासिङ्गटनको उदाहरण दिन उचित ठान्छु–

अमेरिकाका राष्ट्रपति जर्ज वासिङ्गटन केटाकेटीमा उनको बुबाले उनलाई खेलौना बञ्चरो दिएका थिए । दिनमा खेल्दै गर्दा उनले सबै रुख काटिदिए । साँझ उनका पिताले कसले रुख काटेको भनी सोध्नुहुँदा जर्जले झूठ नबोली आफूले सबै रुख काटेको सत्य कुरा भन्नुभयो ।

यसरी हामीले ठट्टामा वा त्यत्तिकै पनि झूठ बोल्नु हुँदैन भन्ने प्रष्ट छ ।

त्यसैले हामी देश समाजमा पञ्चशीलको महत्व छ भन्ने कुरा प्रकट गर्न सक्छौं । अतः हरेक नागरिकले पञ्चशील पालना नगरेको कारण दुरावस्था, अराजकता हुन् । देश, समाजबाट हामी यस्ता समस्याहरू हटाई एक असल नागरिक बन्न सक्छौं । व्यक्ति, समाज र देशलाई आज पञ्चशीलको ज्यादै महत्व छ भगवान बुद्धले दिनुभएको वचनद्वारा हामी यो पूरा गर्नसक्छौं ।

एउटा शील पालना नगर्दा केके हुन्छन् भन्ने कुरा त हामीलाई ज्ञान भइसक्यो । आज कतिपय मानिसले पञ्चशील पालना गरिरहेका छैनन् । यसले गर्दा देश अन्धकार भइसकेको छ । मानिसहरू अव्यवहारिक भएका छन् । “एउटा धर्म (सत्य) लाई पालना नगर्नेले गर्ने पाप केही छैन ।” ‘मुसावाद’ झूठबाट बच्नु मानिसहरूको सबैभन्दा ठूलो धर्म हो । यही सो चेर हामीले आफूलाई शिक्षित बनाउन सक्छौं ।

पञ्चशील पालन गर्न भयभीत हुनुपर्दैन । यी शील सजिलो र नरम छन् । यदि हामीले पाँचवटा नै शील पालना गर्‍यौं भने हामी देश, समाजमा असल व्यक्ति बन्न सक्छौं । यदि हामीले पञ्चशील पालन गर्‍यौं भने हामीमा अझ प्रशन्नता जाग्छ । संसारका महामानव गौतम बुद्धले पञ्चशीलको महत्व विषयमा धेरै उपदेशहरू दिनुभएको छ ।

✍ **शिष्य चित्रकार**, *१३ वर्ष*
*ग्यालेक्सी पब्लिक स्कूल, कक्षा- ८*

***धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीबाट आयोजना गरेको बाल लेखन कला प्रतियोगितामा दोस्रो हुन सफल लेख***



Downloaded from http://www.dhamma.digital

# गुरु पूर्णिमाको महत्व

✍ **मणिवती**

गुरु ती हुन जसले ज्ञान दिन्छन् । हामीलाई जीवनको सही बाटोमा हिंड्न र सफलता हासिल गर्ने सही र दृढ उत्प्रेरणा, प्रोत्साहन, शाहस हौशला दिनुहुन्छ । संस्कृत शब्द "गुरु" २ वटा शब्दको संयुक्त रुप हो । गु + रु । 'गु' को अर्थ अन्धकार र 'रु' को नष्ट गर्ने हुनजान्छ । त्यसैले आफ्ना शिष्यहरूलाई अन्धकार बाट ज्ञानरुपी उज्यालो मार्गमा लैजाने व्यक्तिलाई गुरु भनिन्छ ।

गुरु पनि २ प्रकारका हुन्छन् । एक दुष्ट गुरु (देवदत्त) जस्तो जसले राम्रो काम गर्ने रोकी नराम्रो काम गर्ने हौसला दिन्छ । अर्को सम्यक गुरु जसले परजनलाई नराम्रो काम गर्ने रोकी सचेत गरी सही बाटो र सही काम गर्ने हरपल तत्पर हुनुका साथै प्रोत्साहन गर्दछ। यसप्रकार गुरु नै यथार्थ ब्रह्मा हो साथै मार्गप्रदर्शक हुन् । आषाढ पूर्णिमालाई गुरु पूर्णिमा भनिन्छ । गुरुको अर्थ धार्मिक नातामात्र कहलाइदैन । अध्यापन गर्ने गुरुलाई शिक्षकको रुपमा पनि सम्बोधन गर्ने गरिन्छ। धैर्यता, सहनशीलता, प्रेम, सहानुभुति, आत्मविश्वास, नैतिकता, चरित्रवान यी कुराहरू सतगुरुका विशेषता र गुण हुन् । लोकनीति अनुसार श्रुती, स्मृति संख्या, योग, नीति, वैशेषिक, संगीत, गणित, धनुर्विद्या, पुराण, आयुर्वेद, इतिहास, ज्योतिष, इन्द्रजाल, छन्द, कौस्तुभ, मन्त्र तथा शब्द (व्याकरण) यी १८ कला सिकाउने आचार्य, उमेर (Age), वृद्धि बल र अनुभवले पोख्त व्यक्तिलाई गुरु मानिन्छ। प्राचीन इतिहास (History) देखि वर्तमान समयसम्म विश्वमै विभिन्न सम्प्रदायिक धर्म भित्र पनि गुरुको आ-आफ्नै स्थान र महत्व छ। गौतम बुद्धले आषाढपूर्णिमाका दिन सर्वप्रथम धर्म प्रचार गर्नुभएको थियो ।

त्यसैले बौद्ध धर्मावलम्बीहरूले गुरु पूर्णिमालाई धर्मचक्रप्रवर्तन दिनका रुपमा भव्यताकासाथ मनाउने गर्दैछन् । औपचारिक तथा अनौपचारिक रुपमा गुरुले आफूलाई विद्या, विनय, शिष्टता प्रदान गरी भूमिका निर्वाह गर्ने भएकोले गुरुपूर्णिमाका दिन गुरुलाई मान सत्कार, पूजाआजागरी फूलमाला लगाइदिने, भेटघाट गर्ने र आर्शीवाद लिने प्रचलन छ। आमाबुबाले बाहेक अन्य व्यक्तिले दिन नसक्ने ब्रह्मामा निहीत मैत्री, करुणा, मुदिता, उपेक्षा भाव आफ्ना छोराछोरीहरूप्रति सदासर्वदा रहने भएकोले भगवान बुद्धले "ब्रम्हाति मातापितरो" अर्थात् "आमा बुबा भनेका ब्रह्मा समान हुन्" भनेर भन्नुभएको छ। घर पनि एक विद्यालय हो जहाँ हामीलाई बाल्यअवस्था देखि नै खाने, बस्ने, सुत्ने, हिंड्ने, बोल्ने, लुगा लगाउने, संगत गर्न हुने, नहुने कामकर्तव्य इत्यादि व्यवहारिक शिक्षाका कुराहरू, दुःख, कष्ट, निस्वार्थ र स्नेहपूर्वक आमाबुबाले नै सिकाउने हुनाले आमाबुबालाई "पुब्ब चरिय" अर्थात् पहिलो गुरु भन्ने गरिन्छ । त्यसपछिमात्र हामी विद्यालयमा गुरुआचार्य कहाँ गई विद्या अध्ययन गर्ने गरिन्छ। "बुद्ध, धर्म, संघ, आमाबुबा र गुरु" यी पाँच जना व्यक्तिहरूको गुण अतुलनीय, अंगजनीय, प्रशंसनीय, अविस्मरणीय भएको कारणले वहाँहरूलाई पञ्चाङ्ग वन्दना गर्ने गरिन्छ । तसर्थ विश्वभरी नै बौद्धधर्ममा गुरुपूर्णिमाको ठूलो महत्व, योगदान एवं आस्था छ। ❖

## धर्मकीर्ति अडियो भिजुअल उप-कमिटीलाई सहयोग

धर्मकीर्ति विहारको अडियो भिजुअल उपकमिटीको लागि दाता बुद्धलक्ष्मी शाक्य एवं पुष्प तुलाचन सपरिवारबाट "DVD Duplicator Controller Functions" एकथान सहयोगार्थ प्रदान गर्नुभएको छ । हाल अमेरिकामा रहँदै आउनु भएका उहाँ दाता परिवारलाई धर्मकीर्ति विहारले यस धार्मिक कार्यको लागि साधुवाद प्रकट गर्दै आयुआरोग्य कामना गरेको छ ।

**धर्मकीर्ति विहार अडियो-भिजुअल उपकमिटी परिवार**



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू

क.सं. ७१७

**ई. रामशरण मानन्धर**
कालिमाटी, काठमाडौं
रु. १२००/–

क.सं. ७१८

**प्रेमचन्द शाक्य**
मिनभवन, काठमाडौं–१४
रु. १०००/–

क.सं. ७१९

**सुजिता शाक्य**
कोटेश्वर, काठमाडौं–३५
रु. १०००/–

क.सं. ७२०

**तारादेवी तुलाधर**
बल्खु, काठमाडौं
रु. १००५/–

क.सं. ७२१

**राजन मानन्धर**
साकुलां, भक्तपुर
रु. १०००/–

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) Mrs. Juliana, Malaysia US$ 100.00
२) ध्यानकुटी मैत्रीकेन्द्र बाल आश्रमलाई सहयोग प्रकाश वीरसिंह तुलाधर, लाजिम्पाट रु. ३०००/–
३) अनगारिका अनोजा, श्री सुलक्षणकीर्ति विहार, कीर्तिपुर रु. १०००/–
४) हरिमान रंजित, छाउनी रु. ३०००/–
५) केशचन्द शाक्य, बनेपा रु. १०००/–
६) प्रज्ञान तुलाधर, भोटाहिटी रु ५००/–
७) श्रीधर मानन्धर, शान्ति मानन्धर, धरहरा काठमाडौं - एकथान इलेक्ट्रिक थर्मस् परित्याग
८) आजीवन वार्षिक भोजन प्रदान गर्ने दाता स्व. पति हेम सिं क्षेत्रीको स्मृतिमा शोभा क्षेत्री रु. १५००५/–

❖ **आजीवन वार्षिक भोजन प्रदान गर्ने दाताहरू–**

९) दिव्यरत्न डंगोल, मजिपाट, काठमाडौं - जन्मदिनको उपलक्ष्यमा रु. १५०००/–

अनिच्चावत संखारा उप्पादवय धम्मिनो।
उपज्जित्वा निरूज्झन्ति तेसंऊपसमो सुखो॥



## दिवंगत सिद्धिबहादुर वज्राचार्य

*(जन्म : वि.सं. २०१५ असार १७ गते*
*दिवंगत : वि.सं. २०६९ असार ७ गते)*

जिमि काय् **भाजु प्रो.ई. सिद्धिबहादुर वज्राचार्य** आकाभ्काकां दिवंगत जूगु वि.सं. २०६९ श्रावण २० गते शनिवार कुन्हु लत्या दुगु जुल। अन्तिम क्षणय् तकं वं "बोधिसत्वपिसं सम्यक सम्बोधि प्राप्त याय्त पुरेयाना बिज्याइगु पारमि व वसपोलपिनि (बोधिसत्वपिनि) भूमी"या विषय अध्ययन या:गु ज्यायात स्मरण यासे जिमि काय् बुद्ध भूमी वास लाय्मा: धका: छकूचा नुग: खँ देछाना।

*मां :* गणेशमाया वज्राचार्य
*जहान :* देवलक्ष्मी वज्राचार्य
वनबहा:, गा:वहा: यल।

*काय्पिं :*
निपुण वज्राचार्य, सुवृत वज्राचार्य

*म्ह्यापिं :*
डा. आकृती वज्राचार्य, पलिस्था वज्राचार्य



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति विहार — गतिविधि

# भिक्षुणी धम्मवतीको ७९ औं जन्मोत्सवको उपलक्ष्यमा साप्ताहिक अभिधर्म पाठ एवं अन्य कार्यक्रमहरू सम्पन्न



*धर्मकीर्ति ज्ञानमाला संघले ज्ञानमाला भजन प्रस्तुत गर्दै*

*२०६९ असार १४ देखि २१ गते सम्म*
*स्थान- धर्मकीर्ति विहार, श्रीघः नःघः ।*
*समय- विहान ७:३० देखि ९:०० बजे सम्म*

शासनधज धम्माचरिय, अग्ग महा गन्थवाचक पण्डित भिक्षुणी धम्मवतीको ७९ औं जन्मोत्सवको उपलक्ष्यमा उहाँको सुस्वास्थ्य एवं दीर्घायु कामना गरी भिक्षु महासंघबाट अभिधम्म पाठ एवं वज्रयानी गुरुजु, गुरुमांहरू लगायत महायानी गुरुहरूको तर्फबाट पनि पाठ गरिएको थियो । सप्ताहव्यापी उक्त कार्यक्रमको संक्षिप्त विवरण यसरी रहेको छ–

*(१) भिक्षुमहासंघको तर्फबाट अभिधर्म पाठ एवं धर्मदेशना*
*२०६९ असार १४ गते देखि २० गतेसम्म*

यस सप्ताहव्यापी कार्यक्रममा भिक्षुमहासंघको तर्फबाट अभिधर्म पाठ र धर्मदेशना गरिएको थियो ।

(२) वज्रयानी गुरुजुहरूको तर्फबाट भद्रचरी पाठ एवं धर्मदेशना –
*२०६९ असार २१ गते*

यसदिन वज्रयानी गुरुजुहरूको तर्फबाट भद्रचरी पाठ गरी पण्डित बद्रि गुरुजुबाट धम्मवती गुरुमांले धर्म



भद्रचर्या पाठ गर्नुहुँदै वज्रयानी गुरुजुहरू



Downloaded from http://www.dhamma.digital



*पञ्चरक्षा पाठ गर्नुहुँदै वज्रयानी गुरुमांजुहरू*

प्रचार कार्यमा पुऱ्याउनु भएको योगदानलाई कदर गर्नु हुँदै धर्मदेशना गर्नुभएको थियो ।

*(३) वज्रयानी गुरुमांहरूबाट पाठ*

यसदिन वज्रयानी गुरुमांहरूबाट पञ्चरक्षा र ग्रहदशा सम्वन्धी पाठ गर्नुभएको थियो ।

*(४) महायानी लामागुरुहरूबाट पाठ*

यसदिन महायानी लामा गुरुहरूको तर्फबाट शान्तिपाठ गरिएको थियो ।

*(५) बुद्धपूजा*


२०६९ असार १४ देखि २१ गते गरी जम्मा ८ दिनसम्म धर्मकीर्ति विहारका विभिन्न गुरुमांहरूले बुद्धपूजा कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

*(६) ज्ञानमाला भजन*

यस आठ दिने कार्यक्रममा धर्मकीर्ति ज्ञानमाला भजन समूहले ज्ञानमाला भजन प्रस्तुत गरी पूण्य सञ्चय गरेका थिए भने ज्ञानमाला भजन चाबहिलबाट पनि एकदिन ज्ञानमाला भजन प्रस्तुत गरेको थियो ।

*(७) भोजन एवं जलपान दान*

सप्ताहव्यापी कार्यक्रम अवधिभर विभिन्न गुरुमांहरू लगायत उपासकोपासिकाहरूको तर्फबाट भन्ते गुरुमांहरूलाई भोजन, जलपान र बुद्धपूजा कार्यक्रममा सहभागी उपासकोपासिकाहरू सबैलाई जलपान दान गरी पूण्य सञ्चय गरेका थिए ।



*शान्ति पाठ गर्नुहुँदै महायानी लामागुरुहरू*



Downloaded from http://www.dhamma.digital


भिक्षुणी धम्मवती

(८) दानप्रदान

भिक्षुणी धम्मवतीले कार्यक्रममा आमन्त्रित भिक्षु, भिक्षुणी, वज्रयानी गुरुजु, गुरुमांजुहरू एवं महायानी लामा गुरुहरूलाई विशेष रुपमा दानप्रदान गर्नुभएको थियो भने कार्यक्रममा उपस्थित लामा गुरुहरू र उपासको-पासिकाहरूले पनि दान प्रदान गरी पूण्य सञ्चय गर्ने मौका पाएका थिए ।

माथि उल्लेखित कार्यक्रमहरूको विवरणको तालिका यसरी प्रस्तुत गरिएको छ–

**धम्मवती गुरुमांको ७९ औं जन्मोत्सवको उपलक्ष्यमा सञ्चालित साप्ताहिक अभिधर्म पाठ एवं अन्य कार्यक्रम विवरण**

| क्र.सं. | मिति | पाठ | प्रवचन | बुद्धपूजा गर्ने गुरुमां | जलपान दाता | भोजन दाता |
|---|---|---|---|---|---|---|
| १ | २०६९/३/१४ | धम्मसङ्गणि | सयादो उ पण्डित | सुखवती | दिवाकर, चन्द्रमा रामभण्डार | ललिता, कालिमाटी |
| २ | २०६९/३/१५ | विभङ्ग | भिक्षु अश्वघोष | रमावती | अनोजा गुरुमां मिजंपुचः धर्मकीर्ति | कीर्तिमैंया पुचः, धर्मकीर्ति |
| ३ | २०६९/३/१६ | कथावत्थु | भिक्षु निग्रोध | अमता | चमेली गुरुमां अंगुरमान तुलाधर | अंगुरमान तुलाधर |
| ४ | २०६९/३/१७ | धातुकथा | भिक्षु धम्म शोभन | वण्णवती | शोभा श्रेष्ठ | शोभा श्रेष्ठ |
| ५ | २०६९/३/१८ | पुग्गल पञ्ञति | भिक्षु धर्ममूर्ति | सुवण्णवती | मोहन, ठमेल | पुलां पुचः, धर्मकीर्ति |
| ६ | २०६९/३/१९ | यमक | भिक्षु कोण्डञ्ञ | क्षान्तिवती | धम्मविजया | पूर्णहेरा पुचः, धर्मकीर्ति |
| ७ | २०६९/३/२० | पट्ठान | भिक्षु शान्तिमैत्री | मणिवती | कमला कुसुम | अष्टमाया पूचः, धर्मकीर्ति |
| ८ | २०६९/३/२१ | भद्रचर्या पञ्चरक्षा, ग्रहदशा शान्तिपाठ | बद्रि गुरुजु | मणिवती | कर्णदेवी पुचः | द्वितीया पुचः, धर्मकीर्ति |

**धर्मकीर्ति परियत्ति केन्द्रलाई चन्दा सहयोग**

**धर्मकीर्ति परियत्ति शिक्षा केन्द्रको उत्तरोत्तर प्रगति कामना गरी उपासक प्रकाश वीर सिंह तुलाधर लाजिम्पाटले रु. १५००/– चन्दा सहयोग प्रदान गर्नुभएको छ। धर्मकीर्ति परियत्ति शिक्षा केन्द्रले उहाँको आयु आरोग्य, निरोगी कामना गरी साधुवाद प्रकट गरेको छ ।**

**धर्मप्रचार समाचार**

**ऐतिहासिक गण महाविहार एवं सुभासित ज्ञानमाला संघको वार्षिकोत्सव सम्पन्न**

*२०६९ श्रावण ६ गते । स्थान- गण महाविहार*

वि.सं. २०२० सालमा स्थापना भएको ऐतिहासिक गण महाविहारको ४९ औं स्थापना दिवस एवं सुभाषित ज्ञानमाला संघको पाँचौं वार्षिक उत्सवको सुखद् उपलक्ष्यमा गण महाविहारले विभिन्न पूण्य कार्यक्रमहरू सञ्चालन गरेको समाचार प्राप्त भएको छ ।



Downloaded from http://www.dhamma.digital

# धम्मवती गुरुमां स्वास्थ्य परिक्षण पश्चात् स्वदेश फिर्ता



फोटो सौजन्य- नविन चित्रकार

*धम्मवती गुरुमां उपचारको क्रममा दिल्ली अस्पतालमा*

*प्रस्तुती- मदनरत्न मानन्धर*

धर्मकीर्ति विहारका संस्थापिका एवं धर्मकीर्ति विहार संरक्षण कोषका अध्यक्ष पूजनीय धम्मवती गुरुमां दिल्लीस्थित बि.एल. कपूर मेमोरियल अस्पतालमा स्वास्थ्य परिक्षण गराई गत २०६९ साल आषाढ ३१ गते आइतवार का दिन सकुशल काठमाडौं फिर्ता हुनुभयो। दिल्ली जानु अघि करिब ५ महिनाको औषधि सेवन पछि उहाँको खुट्टामा दुखाई शुरु भएको हुँदा डा. अशोक बज्राचार्यको सल्लाहमा बोन स्क्यान गरिएको थियो । र चिकित्सकहरूको सल्लाह अनुसार थप परिक्षणका लागि गुरुमां सो अस्पतालमा गत आषाढ २४ गते आइतवार भर्ना हुनुभएको थियो ।

स्वास्थ्य परिक्षणको दौरान गुरुमांको PET (Positron Emission Tomography) Scan, MRI, Endoscopy, Echo, ECG आदि गरिएको थियो । PET Scan बाट उहाँको पेटमा केही खराबी अझै बाँकी देखिएको हुनाले महिनाको ३ पटक गरि ३ महिनासम्म नरम खालको केमोथेरापी दिनुपर्ने सल्लाह डा. रंगारावले दिनुभए मुताविक पहिलो मात्रा गत आषाढ २८ गते बिहीबार दिइयो । हेमोग्लोबिनको मात्रका केही कम भएको हुनाले उहाँलाई १ प्वाइन्ट रगत पनि दिइयो। सो रगतको सोध भर्नाका लागि गुरुमांका भदा सिद्धार्थ शाक्यले रक्तदान गर्नुभएको थियो ।

गुरुमांलाई भेट्न तथा स्वास्थ्य बारे जानकारी लिन भारतीय विदेश मन्त्रालयका सह-सचिव श्री अखिलेश मिश्र र निर्देशक श्री पुनित कुण्डल सो अस्पताल पुग्नु भएको थियो । यसैगरी गुरुमांलाई भेट्न भारतका लागि स्यान्मारका राजदूत श्री उजँय पनि आफ्ना



फोटो सौजन्य- नविन चित्रकार

*धम्मवती गुरुमां उपचारको क्रममा दिल्ली अस्पतालमा*



Downloaded from http://www.dhamma.digital

श्रीमतीकासाथ दुईपल्ट सो अस्पताल पुग्नुभई गुरुमांको स्वास्थ्य स्थितिबारे जानकारी लिनुभई शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभयो र गुरुमांलाई दान प्रदान पनि गर्नुभयो । साथै गुरुमांबाट उहाँहरू तिनैजनालाई उपहार पनि प्रदान गर्नुभएको थियो ।

स्मरण रहोस् गत २०६८ साल श्रावण ७ गते उहाँको पेटमा ट्यूमर शल्यक्रिया पश्चात् थप उपचार स्वरुप केमोथेरापीको दोस्रो मात्रा पछि उहाँमा प्रतिकूल प्रभाव देखिएको हुँदा सोको परिक्षण तथा उपचारका लागि गत २०६८ कार्तिक ३ गते देखि कार्तिक १२ गतेसम्म उहाँ सोही अस्पतालमा रहनुभएको थियो। वहाँबाट स्वास्थ्योपचारको सिलसिलामा सो अस्पतालका वरिष्ठ चिकित्सक डा. रंगाराव, डा. रजत शाह तथा सर्वाङ्ग नर्सिङ्ग होमका डा. सुदिप श्रेष्ठ समेतको सल्लाहमा गुरुमांलाई केमोथेरापीको क्याप्सुल सेवन गराइएको थियो ।


फोटो सौजन्य- नविन चित्रकार

*धम्मवती गुरुमां उपचारको क्रममा दिल्ली अस्पतालमा*

स्वास्थ्य परिक्षण पश्चात् उहाँ गुरुमां आफ्ना भदा सिद्धार्थ शाक्यको निवास गुडगाँवमा एकरात बिताउनु भई काठमाडौं फर्कनु भएको थियो। हाल उहाँको स्वास्थ्य स्थिति सामान्य रहेको छ। आफ्नो स्वास्थ्य परिक्षण यात्रा टोलीमा सम्मिलित गुरुमांहरू करुणावती, सुवण्णवती, नविन चित्रकार र मदनरत्न मानन्धर लगायत विगतमा झैं स्वास्थ्य सेवा गर्नुहुने चिकित्सक, अस्पताल परिवार एवं आर्थिक प्रबन्ध गर्नुहुने श्री द्रब्यमान सिं (भाइराजा) तुलाधर परिवारलाई उहाँ गुरुमांले धन्यवाद ज्ञान गर्नुभएको छ ।

---

*२०६९ वैशाख १६ गते*

**विषय– अंगुत्तर निकाय (दुक्क निपा)**

*प्रवचक- मदनरत्न मानन्धर*

*प्रस्तुती- मिनरवती तुलाधर*

यसदिन मदनरत्न मानन्धरबाट अंगुत्तर निकाय (दुक्क निपात) पठम पण्णासक अर्न्तगत परिषद वर्गको विषयमा प्रवचन भएको थियो ।

भगवान् बुद्धले भन्नुभएको थियो । भिक्षुहरू मैले दुईजना व्यक्तिको मिथ्या चर्या (आचरणलाई) प्रशंसा गरेको छैन, चाहे प्रव्रजित होस् चाहे गृहस्थी होस् ।

यिनीहरूले मिथ्याचर्या (आचरणको) कारणले गर्दा कुशल धर्मलाई प्राप्त गर्नसक्दैन । त्यस्तै भगवान् बुद्धले भिक्षुहरूलाई भन्नुभएको थियो सम्यक आचरण गर्ने प्रव्रजित तथा गृहस्थीलाई प्रशंसा गरेको छु । तिनीहरूले सम्यक आचरणको कारणले कुशल धर्मलाई प्राप्त गर्न सक्नेछन् । (सुत्र ४१)

जुन भिक्षुले नराम्रोसंग ग्रहण गरेको व्यञ्जनयुक्त सूत्रको अर्थ र धर्मलाई श्रेष्ठ गरेर व्यक्त गर्छ, उक्त भिक्षु धेरै जनाकोलागि अहित, अनर्थ र दुःखको निम्ति हुनेछ । यसरी नै व्यञ्जनयुक्त सुत्रको अर्थ र धर्मलाई राम्रोसंग जसले व्यक्त गर्छ, उही भिक्षु धेरै जनाको हित र देव मनुष्यहरूको सुखको निम्ति हुन्छ । (सुत्र ४२)

परिषद् वर्ग दुई प्रकारका छन्– (सुत्र ४३)

(१) **तैरीरहेको वर्ग** (२) **गम्भिर वर्ग ।**

(**क**) **तैरीरहेको वर्ग** –

१) अभिमान हुने २) चञ्चल चित्त भएको

३) विस्मृति भएर काम गर्ने

४) शरीर, वचन, मन, संयम नहुने

५) उत्ताउलो हुने ६) चित्त एकाग्र नहुने

(**ख**) **गम्भिर वर्ग** –

१) चित्त चञ्चल हुँदैन २) इन्द्रिय संयम हुन्छ

३) नचाहिने कुरा नगर्ने ४) स्मृतिवान हुन्छ



Downloaded from http://www.dhamma.digital

५) कुरा गर्दा नाप, तौल गरेर चाहिने मात्र कुरा गर्छ छरिरहेका **वर्ग (सुत्र ४४)**

एकले अर्कालाई आक्षेप गर्ने दोषारोपण गर्ने, एक आपसमा झगडा गर्ने, विभाजित हुने, मन, वचन र शरीरद्वारा अरूलाई दुःख दिने, संधै अशान्ति गर्ने ।

**समग्र वर्ग –**

वाद, विवाद गर्दैन, एक अर्कासंग शान्तपूर्वक मिलेर बसिन्छ । आफू र अरूलाई पनि सुखपूर्वक बाँच्न दिन्छ । मिलेर बस्नु सबभन्दा ठूलो सुख हो । हामीले अर्काको द्वोष नहेरिकन आफूलाई सुधार गर्दै लग्नुपर्छ र साथै कर्त्तव्य पालन गर्नुपर्छ ।

**बुद्धज्योति सफू उलेज्या**

*२०६९ आषाढ २३ गते । स्थान- धर्मकीर्ति विहार*

दी शाक्य फाउण्डेशन, नेपालया ग्वसाले धर्मचक्र प्रवर्तन दिवस हनेगु भ्वलय् धम्मवती गुरुमांया पाखें "बुद्ध ज्योति" शिर्षकया सफू उलेज्या सम्पन्न जुल ।

पञ्चशील प्रार्थना यायुथुंकाः फाउण्डेशनया महासचिव अमीरमान शाक्य पाखें लसकुस न्वचु बिया सुरु जूगु उगु ज्याभ्वले धम्मवती गुरुमां पाखें "बुद्ध ज्योति" सफूया उलेज्या याना बिज्यासे फुक्क शाक्यत छप्पं जुया बौद्ध धर्मया प्रचार प्रसार यायेमाःगु सल्लाह बिया बिज्यात । ज्याभ्वलय् न्ववासे सफूया च्वमि देवकाजी शाक्यं बुद्ध धर्म लिसे सम्बन्धित तथा धर्मचक्र प्रवर्तन दिवसया छु छुं खँ कना दिगु खः । अथेहे सफूया दाता रेणु बुद्धाचार्य नं थगु बिचाः प्वंका दीगुख । फाउण्डेशनया सचिव माधुरी शाक्यं सुभाय् न्वचु बिया दीगु खः । ज्याभ्वः फाउण्डेशनया अध्यक्ष जनक नेवाः शाक्यया सभापतित्वय जूगुखः । जनक नेवाः पाखें धर्मचक्र प्रवर्तन दिवसया महत्वया विषयले न्ववाना दिसे सभा क्वचाय्कूगु खः ।

---

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जित्वा निरूज्झन्ति तेसंऊपसमो सुखो ॥



*जन्म :*
*वि.सं. २०२२ आश्विन १ गते*
*द्वादशी*

*दिवंगत :*
*वि.सं. २०६८ असार ६ गते*
*पारु*

# दिवंगत जयम्बु रञ्जित

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य ज्याठामा बस्नुहुने **जयम्बु रञ्जित** २०६८ असार ६ का दिन दिवंगत हुनुभयो । उहाँको पूण्य स्मृतिमा सुगति कामना गर्दै पुण्यानुमोदन गर्दछौं । साथै उहाँका सपरिवारले संसारको अनित्य दुःख र अनात्म (त्रिलक्षण स्वभाव)लाई बुझी धैर्य धारण गर्न सकुन् भनेर कामना पनि गर्दछौं ।

## धर्मकीर्ति विहार परिवार

श्रीघः नःघः, काठमाडौं, नेपाल ।



Downloaded from http://www.dhamma.digital

## का.म.न.पा. वडा नं. ५ हाडीगाउँमा सम्पन्न २५५६ औं बुद्ध जयन्ती समारोहमा प्रस्तुत गरेको स्वागत मन्तव्यको सार संक्षेप

*२०६९ वैशाख २४ गते*

*प्रस्तुती- श्यामलाल चित्रकार*

२५५६ औं बुद्ध जयन्ती समारोह समिति का.म.न.पा वडा नं. ५ हाँडीगाउँको आयोजनामा पाँच दिन देखि धर्मकीर्ति विहारका भिक्षुणी गुरुमांहरूबाट धर्मदेशना, घर आँगनमा भिक्षाटन, बुद्धपूजा, स्वयम्भू ज्ञानमाला भजन खल:बाट ज्ञानमाला भजन, साँस्कृतिक बाजागाजा र विद्यार्थीहरू सहित रथयात्रा इत्यादि विभिन्न कार्यक्रम सञ्चालन गरी बुद्ध जयन्ती मनाइएको थियो ।

भगवान बुद्धको सारगर्भित उपदेशहरू प्रस्तुत गर्नुहुने श्रद्धेय भिक्षुणी गुरुमांहरूलाई हार्दिक वन्दना गरी स्वागत गर्दछु । यस समारोहमा गरिमामय उपस्थिति दिनुहुने सम्माननिय पूर्व प्रधानमन्त्री श्री सुर्यबहादुर थापालाई स्वागत तथा अभिवाद । सम्पूर्ण उपस्थित महानुभावहरूलाई स्वागत गर्दछु ।

नेपाली समाज उदार धार्मिक भावना सहितको धर्मप्रति समान आदर राख्ने, धर्मको नाममा कहिले पनि झैझगडा नभएको उदाहरणिय उत्साहप्रद समाज हो । लिच्छवी राजाहरू व्यक्तिगत रुपमा एउटा धर्म मान्ने भएतापनि राज्य नीतिमा  समान व्यवहार गर्थे । उदाहरणको रुपमा अंशुवर्माको शिलालेख यहीं हाँडीगाउँको डबलीमा छ । यहाँ पशुपतिनाथ, चाँगुनारायण, गुं विहार, श्रीमान विहार इत्यादि विहारहरूलाई पहिलो दर्जामा राखी राज्यकोषबाट समान ६ पुराण २ पण अनुदान दिने घोषणा गरिएको छ ।

हाँडीगाउँमा यसरी सामूहिक रुपमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरी बुद्ध जयन्ती मनाउने गरेको वि.सं. २०४६ सालमा २५३३ औं बुद्ध जयन्ती देखि शुरु गरिएको हो ।

बुद्ध जयन्ती मनाउनुको प्रमुख उद्देश्य नै भगवान् बुद्ध प्रति श्रद्धा भक्ति अर्पण गरी बुद्धको गुणहरू मध्ये केही अंश भएपनि आफूले अनुशरण गर्न सक्नुको लागि हो । भगवान् बुद्धले कहिले पनि गुप्त पाप गर्नु हुन्न, उहाँ यथावादी तथाकारी अर्थात् जसरी बोल्यो त्यसरी नै काम पनि गर्नुहुन्छ ।

तर आजकाल धेरैजसो मानिसहरू "मुखमा राम राम बगलिमा छुरा" भन्ने व्यवहार गर्दै हिंड्ने भएकोले पनि हाम्रा समाजमा अशान्ति र कलहले ठाउँ लिएको देखिन्छ । त्यसैले सामाजिक क्षेत्र र राजनैतिक क्षेत्रमा बुद्ध शिक्षाको अत्यन्त खाँचो रहेको छ । देश उत्थान कार्यको लागि बुद्ध शिक्षा पालन भएका इमान्दार व्यक्तिहरूको विशेष खाँचो रहेको छ । आशा छ बुद्ध शिक्षाको महत्वलाई बुझी यसलाई अध्ययन अध्यापन क्षेत्रमा प्रयोग गरी बढी भन्दा बढी व्यक्तिले यसलाई अभ्यास गर्न सकुन् । जब इमान्दार, जेहेन्दार र यथावादी तथाकारी व्यक्तिहरूको बाहुल्य हुनेछ तबमात्र समाज, देश र विश्वमा नै मानवमात्रको सुखमय जीवनको कामना गर्न सकिनेछ ।

### अपरिहानीय धर्म

*२०६९ ज्येष्ठ २७ गते, शनिवार*

*प्रवक्ता- देवकाजी शाक्य*

*प्रस्तुती- राजभाई तुलाधर*

परिहानीको अर्थ हानी नोक्सानी हुने, अधोगतितर्फ लैजाने हो भने अपरिहानीको अर्थ हानी नोक्सानी नहुने, अभिवृद्धि हुँदै जाने हो । भगवान बुद्धले एक विशेष प्रसङ्गमा आनन्दलाई सप्तअपरिहानीय धर्मको देशना गर्नु भएको थियो । त्यसवेला वैशाली सानो भए पनि एउटा समृद्ध राज्य थियो । त्यहाँका जनताहरू सुखपूर्वक जीवन व्यतीत गरिरहेका थिए । मगधको राजा अजातशत्रुलाई वैशालीमाथि आक्रमण गरेर आफ्नो ठूलो राज्यमा मिलाउने महत्वाकांक्षा उत्पन्न भयो । उसले वर्षकार नामक एक ब्राह्मणलाई बुद्धकहाँ पठाए । अहिले वज्जीहरूलाई जित्न सकिन्छ कि सकिंदैन सोधेर आउ भने । ब्राह्मण गएर बुद्धसंग सोही प्रश्न गरे । बुद्धले ब्राह्मणलाई सिधै जवाफ दिनुभएन । उसकै अगाडि आनन्दसंग निम्न सात प्रश्नहरू गर्नुभयो–

१) वज्जीहरू बराबर सभा गर्छन् कि गर्दैनन् ?
२) उनीहरू एक आपसमा मिलेर मैत्रीपूर्वक बस्छन् कि बस्दैनन ?
३) पहिलादेखि प्रज्ञापन गरिएका नीति नियमहरू पालन गर्छन् कि गर्दैनन्, नयाँ नीतिनियमहरू बनाउँदा राम्रो जनहितकारी मात्रै बनाउँछन् कि बनाउँदैनन् ?



Downloaded from http://www.dhamma.digital

४) वज्जीहरूले मान्नु पर्नेहरूलाई मान सत्कार गर्छन् कि गर्दैनन्, उनीहरू अनुशासिक छन् कि छैनन् ?
५) वज्जी महिलाहरू सबै सुरक्षित छन् कि छैनन्, उनीहरूको राम्रो इज्जत गरिन्छ कि गरिंदैन ?
६) वज्जीहरू चैत्यको पूजा गर्छन् कि गर्दैनन्, देवस्थलहरूलाई आदर गौरव गर्छन् कि गर्दैनन् ?
७) भिक्षु भिक्षुणीहरूलाई मान-सम्मान, आदर गौरव गर्छन कि गर्दैनन् ?

भगवान बुद्धको निजी सहायक बन्नु भएका आनन्द भिक्षुले वज्जीहरूको बारेमा सोधिएका सबै प्रश्नहरूको सकारात्मक उत्तर दिए । तव भगवानले भन्नुभयो कि जबसम्म वज्जीहरूले यी सत्पअपरिहानीय धर्म राम्ररी पालन गरेर बस्छन् तवसम्म कसैले पनि उनीहरूलाई जीत्न सक्दैन । भगवानलाई थाहा थियो कि केही वर्षपछि वैशालीको पतन हुनेछ । त्यसैले वहाँले बचाउन सकिन्छ कि भनेर अप्रत्यक्ष रुपमा उनीहरूलाई मिलेर बस्न सुझाव दिएको हुनुपर्छ ।

सप्तअपरिहानिय धर्म राज्य व्यवस्थामा मात्रै होइन, हाम्रो पारिवारिक र सामाजिक जीवनमा पनि लागु हुन्छ । परिवार, समाजमा बराबर छलफल गर्ने, सभा गर्ने, एक आपसमा मैत्री भाव राख्ने, महिलाहरूलाई इज्जत गर्ने, ज्येष्ठहरूलाई मान-सम्मान गर्ने आदि कुरा भयो भने निश्चय पनि त्यो परिवार अथवा समाजको उत्तरोत्तर प्रगति हुनेछ ।

---

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जित्वा निरूज्झन्ति तेसंऊपसमो सुखो ॥



*जन्म दिं :* वि.सं. १९९९/०१/३१

*दिवंगत दिं :* वि.सं २०६९/०१/१०

# दिवंगत नारायण प्रकाश मानन्धर

मेरो पूज्य जहान नारायणप्रकाश मानन्धर २०६९ ज्येष्ठ १० गतेका दिन दिवंगत हुनुभयो । उहाँको गुणानुस्मरण गरी सुगति कामना गर्दछौं । उहाँको पुण्यानुस्मृतिमा जहान परिवार सबैले पुण्यानुमोदन गरेका छौं ।

*पत्नी :* दुर्गादेवी मानन्धर
*छोरा :* सुजनप्रकाश मानन्धर – *बुहारी :* ललिता मानन्धर
*नाती :* सुजल मानन्धर, सौमिल मानन्धर
*छोरी :* मुना मानन्धर – *ज्वाईं :* अनिल मानन्धर
*नातिनी :* आस्ना मानन्धर, अदिती मानन्धर



Downloaded from http://www.dhamma.digital

# गुरुपूजा



*गुरुहरूको गुण एवं योगदान विषयमा बोल्नहुँदै अगम्यरत्न तुलाधर*

*२०६९ असार १९ गते*
*स्थान- धर्मकीर्ति विहार*

हरेक वर्ष गुरुपूर्णिमाको दिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले गुरुपूजा कार्यक्रम सञ्चालन गर्दै आइरहे नुसार यसपाली पनि यस पवित्र दिनमा धम्मवती गुरुमांको अध्यक्षतामा अश्वघोष भन्तेको प्रमुख आतिथ्यमा गुरु पूजा कार्यक्रम सम्पन्न गरियो । लोचनतारा तुलाधरले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा अगम्यरत्न कंसाकारले धर्मप्रचार क्षेत्रमा धम्मवती गुरुमांको योगदान विषयमा चर्चा गर्नुहुँदै आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । त्यसपछि धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका उपाध्यक्ष इन्दावती गुरुमांले गोष्ठीको तर्फबाट गुरुपूजा स्वरुप धम्मवती गुरुमांलाई दक्षिणा चढाउनु भएको थियो ।

भिक्षु अश्वघोषले धर्मप्रचार क्षेत्रमा पुऱ्याउनु भएको योगदान विषयमा कदर गर्दै उहाँको संक्षिप्त जीवनीलाई उल्लेख गरिएको रीना तुलाधरद्वारा लिखित "गुरु दक्षिणा" नामक पुस्तिका भिक्षु अश्वघोषले विमोचन गर्नुभएको थियो । सोही पुस्तक उक्त कार्यक्रममा उपस्थित सबै सहभागीहरूलाई धर्मदान स्वरुप वितरण गरिएको थियो ।

उपासिका मोतिशोभा तुलाधर एवं नविन तुलाधरले धम्मवती गुरुमांलाई आवश्यक औषधि दान गरी पूण्य कार्य गर्नुभएकोले धम्मवती गुरुमांको तरफबाट उहाँहरूलाई बुद्धमूर्ति उपहार स्वरुप प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा भिक्षु अश्वघोषले ओवाद दिनुहुँदै भन्नुभयो– "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले यसरी गुरुहरूको गुण स्मरण गरी ऋण तिर्ने स्वरुप गुरुपूजा कार्य सञ्चालन गरिरहेको छ । यसलाई कर्त्तव्यपरायण कार्य भन्न सकिन्छ। यसरी नै यस गोष्ठीका सदस्यहरूले आ-आफ्नो घरमा आफूभन्दा ठूलावडाहरूको आदर गौरव गरी कर्त्तव्यपरायण भई आवश्यक सेवासश्रुषा गर्ने वानी बसाल्न सकेमा यसलाई अनुशासन पालन गरी सत्पुरुष गुण धर्म पालन गरेको भन्न सकिन्छ । यसलाई सही



Downloaded from http://www.dhamma.digital

अर्थमा गुरुपूजा गरेको भन्न सकिनेछ ।

यसरी नै धम्मवती गुरुमांले ओवाद दिनुहुँदै भन्नुभयो– "मति राम्रो भयो भने गति पनि राम्रो हुनेछ" भन्ने बुद्ध शिक्षालाई हाम्रो मनले बुझ्न सक्यौं भने मात्र हामीले असल कार्यहरू गर्दै जान सक्नेछौं । जसले आफ्नो र अरूहरूको भलो चाहन्छ, उसले आफ्नो जीवन सफल पार्न सक्नेछ ।"

कार्यक्रमको अन्त्यमा सुमीत्रा तुलाधरले धन्यवाद ज्ञापन गरी पुण्यानुमोदन गरिएको थियो ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका श्रद्धालु सदस्यहरूले भिक्षु अश्वघोष, भिक्षुणी धम्मवती र धर्मकीर्ति विहारका अन्य गुरुमांहरूलाई पनि दान प्रदान गरी गुरुपूजा कार्य सम्पन्न गरी पुण्य सञ्चय गरेका थिए ।

# नमो बुद्ध भ्रमण सम्पन्न

*२०६९ ज्येष्ठ ९ गते, शनिवार*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा यसपाली नमोबुद्ध भ्रमण सफलतापूर्वक सम्पन्न गरिएको छ। श्रद्धालु उपासकोपासिकाहरू र गुरुमांहरू समेत गरी जम्मा ६६ जना यात्रीहरूले भाग लिएको उक्त भ्रमणमा चमेली गुरुमांले नमोबुद्ध चैत्य अगाडि बुद्धपूजा सञ्चालन गरी धर्मदेशना गर्नुभएको थियो ।

खाना खान नपाएर असक्त रहेकी सुत्केरी वघिनीलाई महासत्व नाम गरेको बोधिसत्वले आफ्नो शरीरको मासु र रगत खुवाई ज्यान बचाएको विषयमा धर्मदशेना गर्नुहुँदै भन्नुभयो– बुद्ध बन्ने अठोट लिएका बोधिसत्वले दान पारमिता, (आफूसंग भएका धन सम्पत्तिहरू दान दिने), दान उपपारमिता (आफ्नो शरीरको कुनै पनि अङ्ग त्याग गरी दान दिने) मात्र होइन दान परमत्थ पारमिता (प्राण समेत त्याग गरी दान दिने) नै पूरा गर्नपछि हट्दैन । उक्त कार्यक्रममा भाग लिएका धेरैजसो यात्रुहरूले आफ्ना परिवारका दिवंगत हुनुभएका सदस्यहरूको पूण्य स्मृतिमा दान प्रदान गरी प्रदीप बाली पूण्य सञ्चय गरेका थिए ।



*नमो बुद्ध भ्रमणमा सहभागी उपासकोपासिकाहरूका साथ गुरुमांहरू*



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति विहारे लः यागु ट्यांकी दयकेत वा तल्ला थपय् यायत चन्दा ब्यूपिनि नामावली –

| | | |
|---|---|---|
| १ | धम्मवती गुरुमां | ३००००० |
| २ | धर्मकीर्ति संरक्षण कोष | ३००००० |
| ३ | द्रव्यमान सिं तुलाधर (भाईराजा साहु) | ५००००० |
| ४ | श्रीलंका तिर्थयात्रा, केशावती गुरुमां, उद्योग रत्न तुलाधर पाखें | ५०००० |
| ५ | चमेली गुरुमां | ५०००० |
| ६ | मांगुणवती गुरुमां | ५००० |
| ७ | अनोजा गुरुमां | ५००० |
| ८ | संघवती गुरुमां | ५००० |
| ९ | मेत्तावती गुरुमां | ५००० |
| १० | इन्दावती गुरुमां | ५००० |
| ११ | दानवती गुरुमां | ५००० |
| १२ | त्यागवती गुरुमां | ५००० |
| १३ | केशावती गुरुमां | ५००० |
| १४ | मणिवती गुरुमां | २५०० |
| १५ | अनुपमा गुरुमां | ५००० |
| १६ | उमावती गुरुमां | १००० |
| १७ | सुवर्णवती गुरुमां | २५०० |
| १८ | वण्णवती गुरुमां | २५०० |
| १९ | ओभासावती गुरुमां | २५०० |
| २० | सुभवती गुरुमां | २५०० |
| २१ | सुखवती गुरुमां | २५०० |
| २२ | अमता गुरुमां | २५०० |
| २३ | सुचीता गुरुमां | ५०० |
| २४ | पञ्ञावती गुरुमां | ५००० |
| २५ | सुमेधावती धरान गुरुमां | १०१० |
| २६ | सूर्यदेवी मां, बा यानामं | ५०००० |
| २७ | दानकेशरी व रमेस शाक्य | १०५०० |
| २८ | कीर्तिमाया पुचः | १०००५ |
| २९ | चम्पा पुच पुचः | १०००० |
| ३० | चरिप्रधान, डिल्लीबजार | १०००० |
| ३१ | पूर्णहिरा पुचः | १०००० |
| ३२ | जगतमाया प्रजापती, वाफल | १०००० |
| ३३ | केशरीलक्ष्मी ताम्रकार, महाबौद्ध | ६००५ |
| ३४ | मधुरा शाक्य | ५१०० |
| ३५ | तिर्थमाया महर्जन | ५००२ |
| ३६ | तारा मानन्धर | ५००० |
| ३७ | सुर्यदेवी | ५००० |
| ३८ | बसुन्धरा मानन्धर सत्यनारायनया नामं | ५००० |
| ३९ | पद्ममैया, क्वाबा | ५००० |
| ४० | गौरी बज्राचार्य | ५००० |
| ४१ | पूर्णदेवी | ५००० |
| ४२ | प्रेमशोभा | ५००० |
| ४३ | ससिप्रभा नयाँबजार | ५००० |
| ४४ | स्व. सानु साहुया नामं लक्ष्मी स्थापित | ५००० |
| ४५ | रिता, बुढांख्यो | ५००० |
| ४६ | पुष्प व ज्ञानी, मासंगल्ली | ५००० |
| ४७ | बुद्धरत्न महर्जन, टेकु | ५००० |
| ४८ | ताराशोभा, लाजिम्पाट | ५००० |
| ४९ | शान्ति मानन्धर | ५००० |
| ५० | मोहनशोभा गुरुमां, नारायणचोक | ५००० |
| ५१ | अनीता, चमती | ५००० |
| ५२ | सूर्यमान नकर्मी, दुगंवही | ५००० |
| ५३ | तारा बज्राचार्य | ५००० |
| ५४ | कर्ण तता पुचः | ५००० |
| ५५ | विन्दा, पकनाजोल | ५००० |
| ५६ | त्रिरत्न मानन्धर | ५००० |
| ५७ | रबी शोभा सिखकार | ५००० |
| ५८ | मैया मानन्धर, ठमेल | ४००० |
| ५९ | मिश्री रञ्जना, कुलेश्वर | ३५०० |
| ६० | अष्टमाया, किताब पुचः | ३००० |
| ६१ | लक्ष्मीनानी, नेत पुचः | ३००० |
| ६२ | धर्मकीर्ति ज्ञानमाला | ३००० |
| ६३ | ज्ञानशोभा कंसाकार, भ्वाबा | ३००० |
| ६४ | भरतदेव, विष्णुदेवी | २५०० |
| ६५ | मां–बा यानामं शीलतारा, कालिमाटी | २५०० |
| ६६ | कृष्णमाया, वटु | २००० |
| ६७ | नारायणदेवी मानन्धर, कालिमाटी | २००० |
| ६८ | सानु असन | २००० |
| ६९ | तिर्थलक्ष्मी तुलाधर, गनबहाल | २००० |
| ७० | रत्नकमल, छेत्रपाटी | १०२० |
| ७१ | स्व. मां बाया नामं सानुमाया, ज्याथा | १०१० |
| ७२ | स्व. मां बाया नामं सानुभाई | १०१० |
| ७३ | मोती महर्जन, सिताइन्वा | १००० |
| ७४ | चन्द्रमाया महर्जन | १००५ |
| ७५ | सकलपरिवारपाखें आशा नारायण | १०१० |
| ७६ | स्व. तिर्थ महर्जन नामं जगमायापाखें | १०१० |
| ७७ | अष्टदेवी, मखनं | १००५ |
| ७८ | सन्तु, वटु | १००५ |
| ७९ | चन्द्रमाया मानन्धर, वटु | १००५ |
| ८० | नानीमैया महर्जन, लायकूसा | १००५ |
| ८१ | तिर्थकुमारी सानुकुमारी | १००५ |
| ८२ | दानमाया, असन, कमलाछी | १००५ |
| ८३ | दीलमाया सानुभाई मुनीकार | १००५ |
| ८४ | ज्ञानशोभा तुलाधर, लालदरवार | १००५ |
| ८५ | हिराशोभा तुलाधर, लालदरवार | १००५ |
| ८६ | प्राणमाया महर्जन | १००५ |
| ८७ | शिलाशाक्य, कुलेश्वर | १००० |
| ८८ | विना कंसाकार, प्याफल | १००० |
| ८९ | चन्द्रमा रामभण्डार | १००० |
| ९० | रञ्जना बनिया श्रेष्ठ | १००० |
| ९१ | सिता महर्जन, लाजिम्पाट | १००० |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| ९२ | लक्ष्मी महर्जन, कलंकी | १००० |
| ९३ | जगतलक्ष्मी ताम्राकार, छेत्रपाटी | १००० |
| ९४ | स्व. पुष्पलक्ष्मी तुलाधर, ज्याथा | १००० |
| ९५ | तारादेवी, ठमेल | १००० |
| ९६ | चुनुशोभा बज्राचार्य, ढल्को | १००० |
| ९७ | चिनीमाया, सामाखुशी | १००० |
| ९८ | दुर्गा, खिचापुखु | १००० |
| ९९ | सज्जन मखन | १००० |
| १०० | लोकमुनी शाक्य | १००० |
| १०१ | धनमाया शाक्य | १००० |
| १०२ | ज्ञानशोभा तुलाधर | १००० |
| १०३ | सुभद्रा महर्जन, वटु | १००० |
| १०४ | दानदेवी ताम्राकार | १००० |
| १०५ | दानदेवी ताम्राकार | १००० |
| १०६ | पूर्णदेवी तुलाधर, जधुंछे | १००० |
| १०७ | पूर्णदेवी, यत्खा | १००० |
| १०८ | अमिताब आश्रय | १००० |
| १०९ | लक्ष्मी मानन्धर, वटु | १००० |
| ११० | रत्नमाया महर्जन, त्योद | १००० |
| १११ | मिरा राजकर्णिकार | १००० |
| ११२ | केशरीलक्ष्मी ताम्राकार | ६०० |
| ११३ | लक्ष्मी प्रजापती, ज्याठा | ५२५ |
| ११४ | तारादेवी, ठमेल | ५०५ |
| ११५ | लक्ष्मी महर्जन | ५०५ |
| ११६ | धम्मावती तुलाधर | ५०५ |
| ११७ | न्हूछेमाया महर्जन, वटु | ५०५ |
| ११८ | नन्दकुमारी | ५०५ |
| ११९ | लक्ष्मीदेवी मानन्धर | ५०५ |
| १२० | पुष्परत्न | ५०५ |
| १२१ | सानुमाया महर्जन | ५०५ |
| १२२ | आशाकाजी महर्जन, त्योद | ५०५ |
| १२३ | नानीमाया | ५०५ |
| १२४ | सितालक्ष्मी मां बाया नामं | ५०५ |
| १२५ | कमल स्थापित, ताहाचल | ५०५ |
| १२६ | नानीछोरी बज्राचार्य | ५०५ |
| १२७ | सानुमैया प्रधान | ५०५ |
| १२८ | तारा शाक्य | ५०५ |
| १२९ | मचानानी, ठमेल | ५०५ |
| १३० | रिता डंगोल | ५०५ |
| १३१ | सानुनानी महर्जन, ठमेल | ५०५ |
| १३२ | सानुनानी महर्जन, ठमेल | ५०५ |
| १३३ | पूर्णरत्न बज्राचार्य परिवार | ५०५ |
| १३४ | सुनिता ताम्राकार, पकनाजोल | ५०५ |
| १३५ | नानीमैया विजेश्वरी | ५०५ |
| १३६ | प्राणमाया, ठमेल | ५०५ |
| १३७ | गङ्गा महर्जन, टेकु | ५०५ |
| १३८ | विश्वमान अमात्य | ५०२ |
| १३९ | कुसुमकुमारी अमात्य | ५०२ |

| | | |
|---|---|---|
| १४० | रत्नमाया महर्जन | ५०० |
| १४१ | लक्ष्मीदेवी मानन्धर | ५०० |
| १४२ | कर्णदेवी | ५०० |
| १४३ | तूयूमाया | ५०० |
| १४४ | नानीछोरी शाक्य, लाजिम्पाट | ५०० |
| १४५ | सुनील महर्जन | ५०० |
| १४६ | यमुना | ५०० |
| १४७ | पद्मलक्ष्मी मेवाकाजी | ५०० |
| १४८ | धनबहादुर | ५०० |
| १४९ | कमलकेशरी तुलाधर, तासिथुं | ५०० |
| १५० | ताराखड्गी, ढल्को | ५०० |
| १५१ | चन्दिका देबीसिं | ५०० |
| १५२ | सुदर्शना मानन्धर | ५०० |
| १५३ | चन्द्रमाया, ज्याठा | ५०० |
| १५४ | रामदेवी महर्जन | ५०० |
| १५५ | बेतीमया | ५०० |
| १५६ | हरीमाया | ५०० |
| १५७ | सरन शाक्य, डल्लु | ५०० |
| १५८ | मोतीशाभा तुलाधर | ५०० |
| १५९ | मथुरा मानन्धर, बनस्थली | ५०० |
| १६० | दानमाया, बनस्थली | ५०० |
| १६१ | मोतीमाया बज्राचार्य, वसन्तपुर | ५०० |
| १६२ | अमिता श्रेष्ठ, डल्लु | ५०० |
| १६३ | नानीमाया, नंसाल | ५०० |
| १६४ | सत्यदेवी मानन्धर, बल्खु | ५०० |
| १६५ | सपना मानन्धर, ताहाचल | ५०० |
| १६६ | सबिता मानन्धर, सातदुवाट | ५०० |
| १६७ | संगीता मानन्धर | ५०० |
| १६८ | लक्ष्मी मानन्धर, बनस्थली | ५०० |
| १६९ | रामेश्वरी, मां बा या नामं | ५०० |
| १७० | सितालक्ष्मी, ताहाचल | ३०५ |
| १७१ | देबकुमारी, श्रीघः | ३०१ |
| १७२ | रुपशोभा, सामाखुसी | ३०० |
| १७३ | सुभद्रा मानन्धर, म्हेपी | ३०० |
| १७४ | बिमला शाक्य, इतुंबा | ३०० |
| १७५ | देवमाया | २५० |
| १७६ | शान्तिदेवी तुलाधर, असन | २२० |
| १७७ | महालक्ष्मी श्रेष्ठ | २०५ |
| १७८ | सिद्धिबहादुर | २०० |
| १७९ | आशाकाजी | २०० |
| १८० | रुपशोभा बनिया | २०० |
| १८१ | प्रेमशोभा सिखाकार, तेबाः | २०० |
| १८२ | प्राणमाया, तम्मो गल्ली | २०० |
| १८३ | सूर्यदेवी, थायमदु | २०० |
| १८४ | प्रज्ञा, जमल | २०० |
| १८५ | चिनीशोभा, श्रीघः | २०० |
| १८६ | मोहनमाया महर्जन, कमलाछी | २०० |
| १८७ | जुजुभाई, असन | २०० |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| १८८ | सुवर्ण महर्जन, त्यौड | २०० |
| १८९ | प्रेमरत्न | २०० |
| १९९ | निरव | २०० |
| २०० | सुवर्णशोभा शाक्य, सोन्हखुट्टे | २०० |
| २०१ | शुभलक्ष्मी शाक्य | २०० |
| २०२ | लक्ष्मी बनेपा | २०० |
| २०३ | बद्री, भोसिको | २०० |
| २०४ | वसुमाया मां बा या नामं | २०० |
| २०५ | रुपशोभा, मखन | २०० |
| २०६ | लक्ष्मी डंगोल, खुसिबुं | १५५ |
| २०७ | रामेश्वरी, ज्ञानकुमारी | १५० |
| २०८ | भीममाया | १५० |
| २०९ | पारवती चित्रकार, न्ह्योखा | १५० |
| २१० | गौतमी, बुटवल | १५० |
| २११ | अष्ट, इनाखा | १२० |
| २१२ | गुलाब कायस्थ | १११ |
| २१३ | कर्णदेवी महर्जन | ११० |
| २१४ | हिरादेवी, लाजिम्पाट | १०५ |
| २१५ | नारायणदेवी, लगन | १०५ |
| २१६ | सुभद्रा स्थापित | १०५ |
| २१७ | हिराशोभा | १०५ |
| २१८ | बिनु शाक्य, नःघल | १०५ |
| २१९ | बेतीमाया, कुसुमबीयालाछी | १०५ |
| २२० | लक्ष्मीकुमारी खड्गी, कमलाछी | १०५ |
| २२१ | नानी, छेत्रपाटी | १०५ |
| २२२ | दिवाकर राजदेसी, बनेपा | १०५ |
| २२३ | रत्नकाजी शाक्य, भुईंख्यो | १०५ |
| २२४ | स्व. आशा महर्जन, ठमेल | १०५ |
| २२५ | लक्ष्मीशोभा, भोटाहिटी | १०५ |
| २२६ | जमुना, टंकेस्वर | १०५ |
| २२७ | विष्णु महर्जन | १०१ |
| २२८ | नानीमैया महर्जन | १०० |
| २२९ | बेखामाया, किलागल | १०० |
| २३० | तारा तुलाधर | १०० |
| २३१ | नानीछोरी महर्जन, कुमाननी | १०० |
| २३२ | रत्नेश्वरी श्रेष्ठ | १०० |
| २३३ | स्व. सुकबहादुर शाक्य | १०० |
| २३४ | भीमदेवी शाक्य | १०० |
| २३५ | राधिका मानन्धर, म्हेपि | १०० |
| २३६ | बिमला श्रेष्ठ | १०० |
| २३७ | अम्रीतलक्ष्मी | १०० |
| २३८ | निरावती | १०० |
| २३९ | प्रविन्दु | १०० |
| २४० | रेहना | १०० |
| २४१ | रिंकु | १०० |
| २४२ | सरिता | १०० |
| २४३ | तिसा | १०० |
| २४४ | जगमाया, नंसाल | १०० |
| २४५ | कमलशोभा, भोटाहिटी | १०० |
| २४६ | चन्द्रमाया, वसुन्धारा | १०० |
| २४७ | मायादेवी | ५५ |
| २४८ | नानीशोभा, भोटेबा | ५० |
| २४९ | चम्पा तन्दुकार | ५० |
| २५० | प्रेमलक्ष्मी | ५० |
| २५१ | सुर्यमाया खड्गी | ५० |
| | जम्मा | |

## धर्मप्रचार समाचार

### २६०१ औं धर्मचक्र प्रवर्तन दिवस

*२०६९ आषाढ १९ गते*

*स्थान- बुद्ध विहार*

यसदिन नगदेश बौद्ध समूह र बौद्ध ल्याय्म्ह पुचः नगदेशको संयुक्त आयोजनामा २६०१ औं धर्मचक्र प्रवर्तन दिवस मनाइएको समाचार छ ।

केशावती गुरुमां र खेमावती गुरुमांको प्रमुख आतिथ्यमा सञ्चालित उक्त कार्यक्रममा भिक्षु वरसम्वोधीले अष्टशील एवं पञ्चशील प्रार्थना गर ाउनु भएको थियो । सो पश्चात् बुद्धपूजा कार्यक्रम सम्पन्न भएको थियो ।

प्रमुख अतिथीद्वय केशावती गुरुमां र खेमावती गुरुमांले दीप प्रज्वलन गरी धर्मचक्र प्रवर्तन दिवस सम्वन्धी प्रवचन कार्यक्रम उद्घाटन गर्नुभएको थियो । नगदेश बौद्ध समूहका उपाध्यक्ष दीपकराम सांपालको अध्यक्षतामा सञ्चालित उक्त कार्यक्रममा शिवभक्त मेजुले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो। यसरी नै धर्मचक्र प्रवर्तन विषयमा आ-आफ्ना मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी रहनुभएका थिए–

बखतबहादुर चित्रकार, डा. अनुप श्रेष्ठाचार्य, विपेन्द्र महर्जन, डा. सानुभाई डंगोल, कृष्णकुमार प्रजापति आदि ।

प्रमुख अतिथी केशावती गुरुमांले धर्मदेशना गर्नुभएको उक्त कार्यक्रममा समूहका कोषाध्यक्ष र त्नभक्त हाँय्जुले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

भोजन पश्चात् भगवान् बुद्धको प्रतिमा राखिएको खट, धिमेवाजा लगायत विविध साँस्कृतिक बाजागाजा सहित ज्ञानमाला भजन गाई नगर परिक्रमा गराइएको थियो । यसको साथै २६०१ औं धर्मचक्र प्रवर्तन दिवसको महत्व उल्लेखित २ पृष्ठको पर्चा पनि वितरण गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

# धर्म प्रचार

## समाचार

### बुद्धमूर्ति उद्घाटन

*२०६९ असार २९ गते*

हःखा टोल सुधार संघको तर्फबाट चन्दा संकलन गरी निर्मित आसन सहित लगभग २० फुट अग्लो सुन लेपन गरिएको गौतम बुद्धको मूर्ति हःखा मंगल बजारमा स्थापना गरिएको थियो । सोही मूर्ति पञ्चशील प्रार्थना पश्चात् हिरण्यवर्ण महाविहारका थायपा आजु तीर्थरत्न वज्राचार्यले पानसमा बत्ती वाली अश्वघोष महास्थविरले एक कार्यक्रममा उद्घाटन गर्नुभएको छ ।

कार्यक्रममा आ-आफ्ना मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी उल्लेख गरिएका छन्–

संघका सल्लाहकार तीर्थमान शाक्य, ज्यापु समाज पाटनका नेता रामकाजी अवाले, बौद्ध विहार संघका बाबुराजा बज्राचार्य, बुद्ध जयन्ती ट्रष्टका नेता धनबहादुर शाक्य, सल्लाहकार सुशीला शाक्य आदि ।

कार्यक्रमको शुरुमा आयोजकको तर्फबाट शरणकुमार शाक्यले स्वागत मन्तव्य दिनु भएको थियो ।

कार्यक्रमको अन्त्यमा चन्दा दाताहरूलाई प्रमुख अतिथी संघनायक भिक्षु अश्वघोष महास्थविरले बुद्ध मूर्ति र प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

### मैत्री बोधिसत्व महाविहारमा बुद्धपूजा

*२०६९ असार १३ गते । स्थान- मैत्री बोधिसत्व विहार*
*प्रस्तुती- प्रेमलक्ष्मी*

यसदिन कुसुम गुरुमांले बुद्ध पूजा कार्यक्रम सञ्चालन गर्नुभई धर्मदेशना पनि गर्नु भएको थियो । श्रीघः ज्ञानमाला भजनले भजन प्रस्तुत गरेको उक्त कार्यक्रममा धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलःबाट जलपानको व्यवस्था मिलाइएको थियो ।

धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलःले श्रीघः ज्ञानमाला भजनको उत्तरोत्तर प्रगति कामना गरी रु. २५००/– सहयोग स्वरुप चन्दा प्रदान गरिएको थियो ।

### महापरित्राण पाठ सम्पन्न

*२०६९ असार १९ गते । स्थान- नयाँबजार, काठमाडौं*
*प्रस्तुती- प्रेमलक्ष्मी*

नयाँबजारस्थित उपासक केदारनारायण मानन्धरको घरमा बुद्ध मूर्ति स्थापना गरेको उपलक्ष्यमा डा. अनोजा गुरुमांको नेतृत्वमा धर्मकीर्ति विहार लगायत शाखा विहारका गुरुमांहरूको तर्फबाट महापरित्राण पाठ गरिएको थियो ।

धर्मकीर्ति ज्ञानमाला भजन समूहबाट ज्ञानमाला भजन प्रस्तुत भएपछि यस भजन समूहबाट घर धनी उपासक केदारनारायण मानन्धर र श्रीमती सुदर्शना मानन्धरलाई सम्मान स्वरुप भगवान बुद्धको प्रतिमा उपहार प्रदान गरिएको थियो ।

दाता परिवारको तर्फबाट धर्मकीर्ति ज्ञानमालालाई रु. ५०००/– चन्दा सहयोग प्रदान गरेको थियो ।

### ४० औं बौद्ध हाजिरी जवाफ प्रतियोगिता सम्पन्न

*२०६९ असार २ गते*
*स्थान- ललितपुर*

२५५६ औं बुद्ध जयन्ती र विश्वशान्ति पुस्तकालयको रजत जयन्तीको उपलक्ष्यमा विश्वशान्ति पुस्तकालय, बालिफल, ललितपुरद्वारा आयोजित ४० औं जिल्लाव्यापी बौद्ध हाजिरी जवाफ प्रतियोगिता असार २ गते सम्पन्न भयो । ५ दिनसम्म सञ्चालन भएको उक्त हाजिरी जवाफ प्रतियोगितामा ललितपुरका जम्मा १६ समूह (पुस्तकालय, विहार, परियत्ति शिक्षालय) ले भाग लिएको थियो भने उत्कृष्ट ४ समूह फाइनलमा पुग्न सफल भएको थियो ।

श्रद्धेय भिक्षु कोण्डन्यबाट पञ्चशील प्रार्थना गराउनुभई शुरु भएको फाइनल प्रतियोगिता क्वीजमाष्टर बाबुराजा बज्राचार्यले सञ्चालन गर्नुभएको थियो । उक्त कार्यक्रममा दिपंकर परियत्ति शिक्षालय, नागबहाल १२ अङ्कका साथ प्रथम, शाक्यसिंह परियत्ति शिक्षालय, थैना ९ अङ्क ल्याई द्वितीय, युवा पुस्तकालय, हःखा ८ अङ्क ल्याई तृतीय र शाक्यसिंह विहार, थैना ७ अङ्क ल्याई चौंथो स्थानमा प्राप्त गर्न सफल भएका थिए । सफल सबै प्रतियोगीहरूलाई प्रमुख अतिथि लोकसेवा आयोगका पूर्वअध्यक्ष तिर्थमान शाक्यज्यूबाट ट्रफी एवं पुरस्कार वितरण गर्नुभएको थियो । साथै प्रथम, द्वितीय, तृतीय र चतुर्थ हुने समूहलाई क्रमशः १४५००/–, ७५००/–, ४५००/– र ३१००/– नगद पुरस्कार पनि वितरण गरि यो । आगामी ४१ औं बौद्ध हाजिरी जवाफ प्रतियोगिता आयोजना गर्ने संस्था पासा पुचःका अध्यक्षज्यूलाई विश्वशान्ति पुस्तकालयका अध्यक्ष एवं कार्यक्रमका संयोजक दीपकराज शाक्यज्यूले पालो हस्तान्तरण गर्नुभयो ।

सोही कार्यक्रममा पुस्तकालय २५ औं वर्ष पुगेको उपलक्ष्यमा संस्थाका संस्थापक सदस्यहरू किशोरभाई बज्राचार्य, यज्ञरत्न शाक्य, राजेन्द्रराज बज्राचार्य र डा. माणिकमान बज्राचार्यलाई सम्मान गरियो साथै



Downloaded from http://www.dhamma.digital

स्थापनाकालमा निःशुल्क स्थान उपलब्ध गराउनुभएका बालिफलका भाई बज्राचार्य तथा हाल निःशुल्क स्थान उपलब्ध गराइरहनुभएका स्कोप बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई पनि सम्मान गरियो ।

### डि.भि.डि. तथा पुस्तक विमोचन

*२०६९ असार १६ गते*

*स्थान- आनन्दभुवन विहार, स्वयम्भू*

यसदिन आनन्दभुवन विहारमा निम्न उल्लेखित पुस्तक एवं डि.भि.डि.हरू विमोचन गरिएको समाचार प्राप्त भएको छ ।

| *क्र. सं.* | *विमोचित पुस्तक/डि.भि.डि.* | *विमोचन गर्नुहुने व्यक्ति अर्थात् प्रमुख अतिथि* |
|---|---|---|
| १ | पुस्तक "बुद्ध, धर्म, संघ" | भिक्षु अश्वघोष महास्थविर |
| २ | डि.भि.डि. "सही धर्म" | भिक्षु धर्ममूर्ति महास्थविर |
| ३ | डि.भि.डि. "दान शील भावना" | डा. त्रिरत्न मानन्धर (उपकुलपति) |
| ४ | डि.भि.डि. "दुर्लभ धर्म" | डा. लक्ष्मण शाक्य |
| ५ | डि.भि.डि. "धर्मगुण" | वरिष्ठ अधिवक्ता सर्वज्ञरत्न तुलाधर |

उक्त कार्यक्रममा आ-आफ्ना मन्तव्य व्यक्त गर्नुहुने व्यक्तिहरू यसरी रहेको छ–

प्रा. सुवर्ण शाक्य, भिक्षु धर्ममूर्ति महास्थविर, डा. लक्ष्मण शाक्य, वरिष्ठ अधिवक्त सर्वज्ञरत्न तुलाधर, प्रा.डा. त्रिरत्न मानन्धर, संघनायक भिक्षु अश्वघोष महास्थविर ।

कार्यक्रममा उपस्थित हुनुभएको अतिथि तथा विशेष अतिथीहरूलाई बुद्धमूर्ति धर्म उपहार स्वरुप प्रदान गरिएको उक्त कार्यक्रममा धम्मयुथ क्लब नेपालका संरक्षक सदस्यहरूलाई प्रमाणपत्र पनि प्रदान गरिएको थियो ।

भिक्षु संघरक्षितको सभापतित्वमा सञ्चालित उक्त कार्यक्रममा पञ्चशील प्रार्थना पश्चात् उपाध्यक्ष मैत्रीरत्न तुलाधरले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने कोषाध्यक्ष डा. भूपेन्द्र बज्राचार्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

### अभिमुखीकरण कार्यक्रम सम्पन्न

*२०६९ असार २३ गते, शनिवार*

*स्थान- विश्वशान्ति विहार, मिनभवन*

लुम्बिनी बौद्ध विश्व विद्यालयबाट सम्बन्धन प्राप्त गरी यही २०६९ श्रावण सत्र देखि थेरवाद बुद्धिष्ट एकेडमीले थेरवाद बुद्ध धर्ममा सर्वप्रथम Master Degree को अध्यापन गर्न लागेको हुँदा यस क्याम्पस सुव्यवस्थित रुपमा सञ्चालनार्थ सुझाव एवं सहयोग आदान प्रदान गर्न तथा "Friends of Theravada Buddhist Academy" गठन गर्नको लागि विश्व शान्ति विहार मिनभवनमा भिक्षु धर्ममूर्ति महास्थविरको सभापतित्व एवं डा. केशवमान शाक्यको प्रमुख आतिथ्यमा अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको थियो । थेरवाद बुद्धिष्ट एकेडेमीले आयोजना गरिएको उक्त कार्यक्रममा भिक्षु सुमेधले शील प्रार्थना गराउनु भएको थियो भने भिक्षु निग्रोधले स्वागत भाषण दिनु भएको थियो ।

सविता धाख्वाले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा महेन्द्ररत्न शाक्य, डा. केशवमान शाक्य, त्रिरत्न मानन्धर, मीराज्योति कंशाकार, प्रो. सुवर्णलाल बज्राचार्य, प्रो डा. त्रिरत्न मानन्धर (उपकुलपति लुम्बिनी बौद्ध विश्वविद्यालय) शङ्कर थापा आदि व्यक्तित्वहरूबाट आ-आफ्नो मन्तव्य प्रस्तुत गर्नुभएका थिए ।

कार्यक्रमको अन्त्यमा मदनरत्न मानन्धरले धन्यवाद ज्ञापन गरी कार्यक्रम समापन गरिएको थियो ।

### पञ्चवीर सिंह सिरपाः

*दिं- २०६९ असार ९ गते, शनिवार*

*थाय्- विश्व शान्ति विहार, न्हू बानेश्वर, यँ*

बुद्ध सम्वत् २५५३ दँया सन्ध्या टाइम्स् न्हिपौस पिदंगु च्वसु मध्ये उत्कृष्ट बौद्ध च्वसुया च्वमि भाजु त्रिरत्न मानन्धर व बुद्ध सम्बत् २५५४ दँया उत्कृष्ठ बौद्ध च्वसुया च्वमिपिं भाजु शाक्य सुरेन व मय्जु सुनिता मानन्धर पिन्त पञ्चवीर सिंह सिरपाः लःल्हाःगु बुखँ दु । धर्मोदय सभाया उपाध्यक्ष भाजु पद्म ज्योति कंसाकार या मू पाहाँसुई उगु ज्याभ्वः युवा बौद्ध समूहया ग्वसालय् न्ह्याःगु खः ।

### मुटु रोग क्याम्प

थ्वहे आषाढ ३० गते दी शाक्य फाउण्डेसन नेपाल व जन चिकित्सालय या ग्वसाले "नेपाल हृदय रोग निवारण प्रतिष्ठान, काठमाडौं" पाखें का.म.न.पा वडा नं. २८ वडाया जन चिकित्सालयले मुटुरोग सम्बन्धी क्याम्प सम्पन्न जुल । उगु क्याम्पे गङ्गालाल हृदयरोग अस्पतालया डा. चन्द्रभण्डारी पाखें मुटु रोग सम्बन्धी ओरेन्टेशन याना दिलसा खुम्ह मुटु रोग सम्बन्धी डाक्टर पाखें ४०० (चारसय) जवानयात मुटु सम्वन्धया जाँचयाना दिल । थुगु क्याम्पं यक्वसित लाभ जुगु चर्चा दु ।



Downloaded from http://www.dhamma.digital

## रत्न विपश्यना विहारमा स्मृति प्रस्थान ध्यान शिविर सम्पन्न

काठमाडौंको स्वयम्भूको पछाडि सानो भञ्याङ स्थित रत्न विपश्यना विहारको प्रार्थनामा म्यानमारको पण्डिताराम शासन येक्खता, यंगुनका ९१ वर्ष पुग्नु भएका वरिष्ठ ओवादाचरिय सयादो श्रद्धेय ऊ पण्डिताभिवंश महास्थविरज्यूको निर्देशनमा वि.सं. २०६९ असार १२ गते देखि २३ गतेसम्म "स्मृतिप्रस्थान विपश्यना ध्यान भावना शिविर" सञ्चालन भएको थियो। उक्त शिविरमा जम्मा ५८ जना योगीहरू (साधक/साधिकाहरू भाग लिएिको) थिए। जसमध्ये एक जना श्रद्धेय भन्तेज्यू, १७ जना विश्व शान्ति विहारबाट आउनु भएका श्रामणेरहरू, विभिन्न विहारबाट आउनु भएका सातजना प्रव्रजित गुरुमांहरू, ६ जना पुरुषहरू, २७ जना महिलाहरूले विहान ५ वजे देखि बेलुका ९:३० बजेसम्म कार्यतालिका अनुसार विपश्यना ध्यान भावना गरि असार २३ गते सफलताकासाथ समापन भयो।

उक्त शिविरमा दिउँसो ३ बजे देखी ४:३० बजे सम्म उहाँ शाक्यमुनि गौतम बुद्धले दिनु भएको शिक्षा र उपदेशलाई नै परमपूज्य ओवादाचरिय सयादो श्रद्धेय ऊ पण्डिताभिवंश महास्थविरज्यूबाट धर्म देशना गर्नुभएको थियो र उक्त उपदेश नेवारी भाषामा अनुवाद गर्न श्रद्धेय विमलाज्ञाणी गुरुमाँले मेहनतका साथ राम्ररी अनुवाद गर्नुभएको थियो। यस उत्तम कार्यका लागि श्रद्धेय गुरुवर ऊ पण्डिता भिवंश महास्थविरज्यूलाई रत्न विपश्यना विहार परिवार आभार तथा कृतज्ञता अर्पण गर्दछ।

सोही शिविरमा रत्न विपश्यना विहारका कम्मथानाचार्य सयादो श्रद्धेय ऊ सुजनप्पिय महास्थविर ज्यू र श्रद्धेय निर्मलज्ञाणी गुरुमाँले दिनदिनै योगीहरूको ध्यान जाँच गर्ने कार्यमा सहयोग पुऱ्याउनु भएको थियो। उक्त शिविरमा विभिन्न श्रद्धालु उपासको पासिकारूले श्रद्धाका साथ जलपान, भोजन, सर्वत, पाचक, फलफूलको चकलेट इत्यादि उपलब्ध गराई कुशल पुण्य कमाउनु भएको थियो। त्यति मात्र होइन वयावच्च (आवश्यक अन्य कामहरूमा) सहयोग पुऱ्याउनु हुने सबै श्रद्धेय भन्ते गुरुमांहरू महानुभावहरू, स्वयंसेवकहरू तथा श्रद्धालु स्थानिय छिमेकीहरू पनि साधुवाद र धन्यवादको पात्र हुनुहुन्छ।

आशा छ, यहाँहरूले फुर्सदको समय मिलाएर अब आउने गुँला धर्म मनाउने महिना २०६९ श्रावण र वर्षावास तीन महिनामा पनि रत्नविपश्यना विहारमा स्मृतिप्रस्थान विपश्यना ध्यान भावना अभ्यास गरि स्वयं आफैले नगरिनहुने, लोभ, दोष, मोह, तृष्णा घटाइ शारीरिक, मानसिक दुःखलाई चिनेर त्यसलाई पन्छाइ दुःखबाट मुक्त हुने मार्गज्ञान, फलज्ञान प्राप्त गर्न अग्रसर हुन सक्नुहुनेछ। सुवर्ण अवसरलाई चिन्नुहोस्। दुर्लभ बुद्ध शासन भएको बेलामा हामी मानिस भएर जन्म लिन पाएको पनि दुर्लभ पहिलेको जन्ममा पुण्य गरेर आएको हुनाले अहिले हामी यस्तो अमूल्य धर्म गरेर जीवनमा सफलता पाउने र भव संसारबाट मुक्त हुनसक्ने यही एउटा मात्र मार्ग (बाटो) छ भनेर उहाँ शाक्यमुनि गौतम बुद्धले बताउनु भएको छ।

भवनु सब्ब मङ्गल !
चिरं तिट्ठतु सद्धम्मो !!
साधु ! साधु !! साधु !!!

शिविरको लागि सम्पर्क गर्ने टेलिफोन नं. ४८९०९४७, ९८४१३४४५८

## आमा बुबाको गुण स्मरण

**गौतमीवती गुरुमां**
*पञ्चचैत्य विहार, वुटवल-२*

साधुवाद छ कोटीकोटी मातापिताको गुणमा
ऋणी छन् सब सन्तान हजुरहरूको चरणमा
देखाउनु भयो संसारलाई प्रसव वेदनालाई सही
हिंडाउनु भयो सत्मार्गमा सधैं आफूले अघिसरी
छैन कुनै द्वेषभाव मात्र ती मैत्री भावले
खुशी भई हृदय उपेक्षा राख्दछ शुद्धमनले
गर्नुभो भरण पोषण सानोमा खपी ती दुःख वेदना
बुद्धशासनमा दान गरी राख्नु भो अंशको चेतना
साधुवाद छ कुशल पुण्य सञ्चितयोग्य मातापिता
संधै स्मरण ती गुणमा र गर्दछु सदा वन्दना



Downloaded from http://www.dhamma.digital
Back Cover Inside Page

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/६६

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जित्वा निरूज्झन्ति तेसंऊपसमो सुखो ॥



बुगु दिं :
ने.सं. १०५० थिलाथ्व द्वादशी
*(बि.सं. १९८६ मंसीर २८ गते)*

मदुगु दिं :
ने.सं. ११३१ गुंलाथ्व एकादशी
*(बि.सं. २०६८ मंसीर २४ गते)*

# मदुम्ह माँ पद्मावती ताम्राकार

जिमी अतिकं हनेबहम्ह माँ **पद्मावती ताम्राकार** ८२ दँ या वैशय मदुगुलीं निर्वाण कामना यासें दकिलाया पुण्य तिथिकया माँयागु गुणानुस्मरण यासें दुनुगलं निसे श्रद्धाया स्वाँ देछाना च्वना । नापं थजागु दुःखंकःगु इलय अनित्य संसारयात लुमंकाबिया बिचा हायका झापिं थःथिति, जलाखला, पासाभाई, संस्थापिं व सकल महानुभावपिन्त जिमिगु कृतज्ञता देछाना च्वना ।

*काय्* – प्रदीपकाजी ताम्राकार
*म्ह्याय्पिं* – प्रतिमा स्थापित
प्रमिला कंसाकार
*काय्छ्र्यपिं* – प्रज्वलकाजी ताम्राकार
प्रसन्नकाजी ताम्राकार
*म्ह्यायछ्र्यपिं* – पल्लवी तुलाधर
प्रणय रत्न स्थापित
अल्विन कृष्ण कंसाकार
प्रनिश कृष्ण कंसाकार
*छुइपिं* – यज्जु रत्न तुलाधर, पलिस्था स्थापित

*भौ* – प्रफुल्ल कमल ताम्राकार
*जिचाभाजुपिं* – प्रेमरत्न स्थापित
रविन्द्र कृष्ण कंसाकार
*छ्यभौ* – तृप्ती ताम्राकार
*छ्यजिचाभाजु* – सर्वन रत्न तुलाधर
*छ्यभौ* – पुर्णिमा स्थापित

मुद्रकः न्यू नेपाल प्रेस प्रधान कार्यालयः १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोनः ४४३४८५०, ४४३४७५३ | फ्याक्सः ४४३३९२९ | newnepalpress@gmail.com
व्यापारिक कार्यालयः शुक्रपथ, काठमाडौं | फोनः ४२५९०३२, ४२५९४५० | फ्याक्सः (९७७-१) ४२६४७३७ | email: newnepalpress011@gmail.com

Downloaded from http://www.dhamma.digital

Back Cover Page

# THE DHARMAKIRTI
## A BUDDHIST MONTHLY



साप्ताहिक अभिधर्मपाठमा विभंग पाठ गर्नुहुँदै भिक्षुमहासंघ

वर्ष-३०; अङ्क-४

बु.सं. २५५६, गुं पुन्हि

Downloaded from http://www.dhamma.digital

Front Cover Page

# निर्वाण कामना



## मदुम्ह तारा रत्न स्थापित

**वि.सं. १९९७ कार्तिक - वि.सं. २०६८ फाल्गुन ४**

### जिमि अतिकं हनेबहःम्ह तारा रत्न स्थापित मदुगु खुला दत ।

अय्सां वय्कःया सद्धर्म चित्तं जाःगु गुणयात जिमिसं
न्हियान्हिथं लुमंका हे च्वनागु दु, व सदां हे लुमंका च्वने ।
जिमिसं यानागु भिंगु ज्या पाखें वय्कःयात नं पुण्य लायेमा धकाः
पुण्यानुमोदन याना अले निर्वाण कामना याना ।

## सकल स्थापित परिवार

संछेँ गल्ली, खिँल, यें, फोन : ४२२६५०६



Downloaded from http://www.dhamma.digital
Front Cover Inside Page